जनकपुर टुडे
छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौँ ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौँ ।
- धुम्रपान र मद्यपान नगरौँ ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २६ •अंक ६ • २०८१ साल जेठ १२ गते शनिबार (25 May, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–

# सरकार नीति तथा कार्यक्रम ल्याउने तयारीमा, बजेट बनाउँदै

**राजेन्द्र यादव**

जनकपुरधाम । प्रदेश सभामा विश्वासको मत पाउनेमा मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव विश्वस्त देखिएका छन् । अल्पमतमा परेका यादवले आर्थिक वर्ष २०८१/०८२को नीति तथा कार्यक्रम र बजेट बनाउने तयारी गरिरहेका छन् ।



आफ्नो सरकारले नै आगामी नीति तथा कार्यक्रम र बजेट ल्याउने मुख्यमन्त्री यादवले दावी गरेका छन् । संघीय गठबन्धनमा बाट जसपा नेपाल अलग भएको प्रभाव मधेश प्रदेशमा पनि परेको उनले स्वीकारे । तर सरकारमाथि कुनै संकट नरहेको यादवले ठोकुवा गरे ।

'नीति तथा कार्यक्रम र बजेट निर्धारित समयमा नै आउने छ' उनले भने, सरकार प्रदेश सभामा विश्वासको मत लिनेछ । 'नीति तथा कार्यक्रम ल्याउनु अगावै विश्वासको मत लिनेछु' मुख्यमन्त्री यादवले भने, 'जसपा नेपालको संसदीय दल विभाजनको कुनै संभावना छैन् ।

विपक्षमा बहुमत पुऱ्याउने दावी सहित मुख्यमन्त्री समेत बाँडफाँट गरिसकेको नेकपा एमाले, माओवादी केन्द्र र जनमत पार्टी सरकार बनाउने खेलमा नरहेको बताउन थालेका छन् ।

गत वैशाख ३१ गते तत्कालीन सत्ता साझेदार नेकपा एमाले र माओवादी केन्द्रले सरकारबाट बाहिरिदै समर्थन समेत फिर्ता लिएका थिए । एमाले माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको छ ।

नेकपा एमाले र माओवादी समेतले गत वैशाख ४ गते सरकारलाई विश्वासको मत दिएको थियो । संघीय गठबन्धन परिवर्तन भएसँगै मधेश प्रदेशमा पनि नेपाली कांग्रेसलाई सरकारबाट निकालिएको थियो ।

जसपा नेपाल नेतृत्वको सरकारलाई नेकपा एसले काँध थापेको छ । मधेश प्रदेशमा नेकपा एसले मुख्यमन्त्रीको साथ छोडेको छैन् ।

जसपा नेपालले संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत प्राप्त गरिसकेका छन् ।

मुख्यमन्त्री यादवलाई जेठको अन्तिम हप्ता भित्र विश्वासको मत लिनु पर्ने बाध्यता छ । त्यसका लागि उनले नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)को साथ पाउने वातावरण बनाएका छन् ।

मधेश प्रदेशमा मधेशी दलकै नेतृत्वमा सरकार हुनुपर्नेमा लोसपा पनि सहमत छ । सरकारको आलोपालो नेतृत्वगर्नेमा दलहरुबीच सहमति भइसकेको छ । मुख्यमन्त्री यादव हाल काठमाण्डुमा रहेका छन् ।

जसपा नेपालको एकताको प्रथम महाधिवेशन जनकपुरधाममा २८, २९ र ३० गते हुँदैछ ।त्यस अगावै मुख्यमन्त्रीले बहुमत लिइसक्ने नेताहरुले जनाएका छन् ।

## सिरोहियालाई तीन दिन म्याद थप

# ७ जनाको बहस, रिहाइ माग गर्दै अदालत अगाडि धर्ना

**सञ्जय यादव**

जनकपुरधाम । कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई थप तीन दिन थुनामा राख्न जिल्ला अदालत धनुषाले आदेश दिएको छ ।



जिल्ला अदालतको ५ नम्बर इजलासका न्यायाधीश रोमाकान्त ज्ञवालीले थप ३ दिन थुनामा राखेर अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालयलाई समय दिएको छ । जिल्ला अदालत धनुषाका रजिष्ट्रार कैलाश भट्टराईले जनाए अनुसार तीन दिन अनुसन्धानका लागि म्याद थप गरिएको छ । जिल्ला अदालतले दोस्रो पटक तीन दिनको म्याद थपेको छ । सोमवार पुनः अदालतमा उपस्थित गराउनु पर्नेछ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अनुसन्धान अझै जारी रहेको भन्दै पाँच दिन थुनामा राख्न आदेश मागेको थियो । सिरोहियालाई २ बजेतिर अदालतमा उपस्थित गराइएको थियो । त्यस अघि झण्डै ११ बजेदेखि जिल्ला सरकारी वकिलको कार्यालयमा वयान गराइएको थियो ।

इजलासमा सिरोहियाको पक्षमा वरिष्ठ अधिवक्ताहरु शम्भु थापा, रमण श्रेष्ठ, शेरबहादुर केसी, गोबिन्द शर्मा, टिकाराम भट्टराई ,अधिवक्ताहरु रमणकुमार कर्ण, किशोर पौडेल, दीपेन्द्र झाले वहस गर्दै मुद्दामा सहयोग गर्ने गरी सिरोहियालाई साधारण तारिखमा छाड्न आग्रह गरेका थिए । उनको पक्षबाट वहस गर्न ११ जना कानुन व्यवसायीहरुको सूची बनेको थियो ।

तर वहस लम्बिदा साँझ साढे ५ बजेको थियो । न्यायाधीश ज्ञवालीले समयाभाव भएको जनाउँदै कानुन व्यवसायीहरुलाई समय छोट्ट्याउन आग्रह गरेपछि अन्य वकिलहरुले वहस गर्ने समय पाएनन् ।

काठमाण्डुस्थित कान्तिपुरको केन्द्रीय कार्यालयबाटै मंगलबार साँझ उनलाई पक्राउ गरिएको थियो । स्थलमार्गबाट सोही राति जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइएको थियो ।

सिरोहियामाथि नागरिकता किर्तेसम्बन्धी कसुरमा मुद्दा चलाइएको छ । अदालतले उनीमाथि अनुसन्धान गर्न प्रहरीलाई पहिलो पटक तीन दिनको म्याद दिएको थियो ।

सिरोहियालाई थुनामा राख्न म्याद थप नगरिने धेरैको विश्वास थियो । सञ्चार जगतमाथि गरिएको नांगो आक्रमणको चौतर्फी आलोचना भइरहेकाले सिरोहियालाई थुनामुक्त गरी सरकारले अनुसन्धान बढाउने अड्कल गरिएको थियो ।

सिरोहियालाई हिरासतमा राखेर अनुसन्धान गर्नुको कुनै बाध्यकारी अवस्था नरहेको उनका कानुन व्यवसायीहरुले बताएका छन् । अनुसन्धानमा असहयोग गर्ने, प्रमाण नष्ट गर्न सक्ने अथवा देश छाडेर भाग्न सक्ने लगायतका कुनै आधार नरहेकाले सिरोहियालाई थुनामा राख्नु राज्यशक्तिको दुरुपयोग भएको उनीहरुले बताए ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट सिरोहियालाई सरकारी वकिलको कार्यालय लैजादा र त्यहाँबाट जिल्ला अदालतमा ल्याउँदा बाहिर रिहाइको माग गर्दै नारा लगाइएको थियो । विभिन्न पेशा र क्षेत्रसित आबद्ध व्यक्तिहरुको सहभागिता रहेको सो विरोध प्रदर्शनमा विभिन्न दलका नेताहरु पनि सहभागी रहेका थिए ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहको नेतृत्वमा जिल्ला अदालत धनुषाको अगाडि जनप्रतिनिधि र राजनीतिकर्मीहरुले धर्ना दिएका थिए । धर्नामा मारवाडी सेवा समितिका अध्यक्ष निर्मल कुमार चौधरी, वडा अध्यक्ष मिथिलेश कर्ण, नेकपा एसका नेताहरु प्रचण्ड गर्मीमा पनि धर्ना दिएर सिरोहिया रिहाइको माग गरेका थिए ।

त्यस अघि जिल्ला प्रहरी कार्यालयमा पुगेर नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, प्रदेश सभासद शेषनारायण यादव लगायतका नेताहरुले सिरोहियालाई भेंटेका थिए । सरकारले पूर्वाग्राही भएर यातना दिएको बताउँदै लोकतान्त्रिक र प्रेस स्वतन्त्रताको लडाईमा नेपाली कांग्रेस साथ रहेको वचन सिरोहियालाई दिएका थिए ।

सिरोहियाका पिता घाँसीराम सिरोहिया जनकपुरधाममा आएको झण्डै १ सय वर्ष भइसकेको छ । उनले २०१८ सालमा नै नेपाली नागरिकताको प्रमाण पत्र लिएका थिए । घाँसीराम सिरोहियाका ४ सन्तान मध्ये कैलाश कान्छो हुन् ।

उनका दाजु गोपाल सिरोहिया र गोविन्द सिरोहिया पनि नेपाली नागरिक हुन् । उनीहरु हाल काठमाण्डुमा व्यवसाय गरिरहेका छन् । कैलाश सिरोहियाले २०३६ सालमा वंशज नागरिकता लिएका हुन् । उनको नागरिकतामाथि प्रश्न उठाउनु पूर्वाग्रह बाहेक केही नभएको कांग्रेसका सहमहामन्त्री यादवले बताए ।

सहकारीको झण्डै अर्ब रुपैयाँ अपचलन गरेको प्रमाण सार्वजनिक भइसके पनि उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई सरकारबाट नहटाइनु सत्तारुढ दलहरु समेत सञ्चारको घाँटी निमोठ्न खोजेको उनले आरोप लगाए ।








मधेश प्रदेशको राजधानी जनकपुरधाममा गर्मी बढेसँगै जनकपुर-२२ दुधमती नदीमा शुक्रबार गर्मी छल्दै बालबालिकाहरू। *तस्बिर : रासस*

# पोलियो विरुद्धको खोप दिने तयारी

**टुडे समाचारदाता**


राजविराज । सात वर्षअघि पोलियो बिरुद्धको औषधि दिन छुटेका जिल्लाका ३४ हजार भन्दा बढी बालबालिकालाई सो रोग बिरुद्धको औषधि खुवाउने तयारी गरिएको छ।

जिल्ला खोप समन्वय समिति तथा स्वास्थ्य कार्यालय सप्तरीले शुक्रबार सञ्चारकर्मी र सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरी यस्तो जानकारी गराएको छ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख देवकान्त झाले २०७३ बैशाख देखि २०७५ असोजसम्म जन्म लिएका करिब ३४ हजार ७ सय ११ बालबालिकालाई लक्षित गरी जेठ १३ देखि जिल्लाको ८ सय ४० खोप केन्द्र मार्फत आइपिभी (पोलियो रोग विरुद्धको औषधि) खुवाउने अभियान सञ्चालन हुने जानकारी दिए।

अभियान जेठ २५ सम्म चल्ने छ। पहिलो चरण जेठ १३ देखि १७ सम्म राजविराज नगरपालिका, सप्तकोशीनगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा संचालन हुनेछ।

दोश्रो चरण जेठ २२ देखि जेठ २५ सम्म सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका, बोदेबरसाइन नगरपालिका,



रुपनी गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलानबिहुल गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचालन हुनेछ।

२०७३ सालतिर पोलियो रोग विरुद्धको औषधि अभाव भएकाले त्यतिखेर छुटेका बालबालिकालाई लक्षित गरी पोलियो रोग विरुद्धको आइपीभी खोप अभियान थालिएको स्वास्थ्य कार्यालयका प्रमुख झाको भनाइ छ।

अभियान सफल बनाउन तालिम प्राप्त ८ सय ४० स्वास्थ्यकर्मी तथा १ हजार ६ सय ८० स्वयमसेवक जिल्लाका खोप केन्द्रहरुमा परिचालित हुने उनले जानकारी दिए। विद्यालय, वडा कार्यालय, सामुदायिक भवन लगायत विभिन्न स्थानमा केन्द्र राखेर औषधि सेवन गराइने उनले बताए। २०७० चैत १३ मा नेपाललाई पोलियो रोग मुक्त घोषणा गरिएको थियो । तर, छिमेकी मुलुक पाकिस्तान र अफगानिस्थानमा अहिले पनि पोलियो रोग पूर्ण रुपमा उन्मूलन हुन सकेको छैन्।

त्यस देशहरुमा नेपालीहरुको आवतजावत हुने गरेकाले रोग फैलिन नदिन र सम्भावित जोखिमलाई ध्यानमा राख्दै पोलियो विरुद्धको औषधि सेवन गराउने कार्यलाई निरन्तरता दिइएको स्वास्थ्य कार्यालयका प्रमुख झाले बताए।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख शम्भु यादव, विश्व स्वास्थ्य संगठन नेपालका प्रतिनिधि डा. नितेश मिश्र, गैसस महासंघका उपाध्यक्ष बलदेव मण्डल, गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. नागेन्द्र यादव तथा विभिन्न सञ्चार माध्यमका संचारकर्मीहरुको सहभागिता रहेको थियो।

# मुलुकभरि डेङ्गु संक्रमण बढ्दो

**टुडे समाचारदाता**

काठमाण्डु । मौसम परिवर्तनसँगै पानी पर्न थालेपछि डेङ्गु रोगको सङ्क्रमण मुलुकभरि बढेको छ। डेङ्गु रोगको सङ्क्रमण ५७ जिल्लामा देखिएको स्वास्थय तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले पानी पर्न थालेपछि मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेङ्गुको जोखिम बढेको जानकारी दिएका छन्। उनका अनुसार ५७ जिल्लामा नौ सय चार जनामा सङ्क्रमणमा देखिएको छ।

उनले पानी पनि पर्न सुरु भएकाले डेङ्गुको जोखिम बढ्ने भएकाले सचेतना अपनाउन आग्रह गरे। "पानी पर्न थालेपछि डेङ्गु रोगको सङ्क्रमण पनि बढ्छ", उनले भने, "त्यसैले सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न पानी जम्न नदिने र लामखुट्टे मार्ने अभियान सञ्चालन गर्नुपर्दछ।" गत वर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनामा डेङ्गु रोगको सङ्क्रमण देखिएको थियो।

उनका अनुसार यसपटक धेरैको संख्यामा कुनै पनि जिल्लामा सङ्क्रमण देखिएको छैन। उनले जोखिम हुने ठाउँको पहिचान गरेर लामखुट्टे मार्ने अभियान सञ्चालन गर्न ३३ स्थानीय तहलाई निर्देशन दिइसकेको बताए। डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु लाग्दछ।

"गर्मीसँगै पानी सङ्कलन गरेर राख्ने गरिन्छ, त्यसरी सङ्कलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ, सफा पानीमा त्यही लार्भा बन्ने र वयस्क भएपछि मानिसलाई टोक्ने गर्दछ", उनले भने।

# 'ठूलो आकारको नभई स्रोतको क्षमता हेरेर यथार्थपरक बजेट आवश्यक'

ललितपुर।आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ठूलो आकारको नभई स्रोतको उपलब्धताका आधारमा तथ्यपरक र यथार्थपरक विश्लेषणसहित आउनुपर्नेमा जानकारहरूले जोड दिएका छन्।नेपाल बुद्धिजीवी परिषद्ले शुक्रबार ललितपुरको च्यासलस्थित नेपाल कम्युनिष्ट पार्टी (एमाले) को कार्यालयमा आयोजना गरेको 'आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यदिशा' विषयक छलफल कार्यक्रमका वक्ताहरुले त्यस्तो जोड दिएका हुन्।

कार्यक्रममा एमाले उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्रको अवस्था र स्रोतसाधनको सापेक्षतामा आधारित भएर बजेट ल्याइनुपर्ने बताउनुभयो। "हाम्रो राजस्व, वैदेशिक सहायता, आन्तरिक ऋणलगायत स्रोतको अवस्था हेर्दा ठूलो आकारको बजेट बनाउन सक्दैनौँ । माग बढेको छ, त्यसकारण बजेटको आकार बढाई दिउँ भन्ने छुट हामीलाई छैन। ठूलो आकारको बजेट ल्याएर सुरूकै दिनमा बजेटको विश्वसनीयतामाथि प्रश्न उठ्ने अवस्था नआओस", पौडेलले भन्नुभयो । सोह्रौँ आवधिक योजना, सरकारको नीति तथा कार्यक्रम, सत्तारूढ दलको न्यूनतम साझा सङ्कल्पलगायत विषयमा आधारित भएर बजेट ल्याइनुपर्नेमा उहाँको जोड भयो।

अर्थतन्त्रमा देखिएका विद्यमान समस्या समाधान गर्नेगरी बजेट ल्याइनुपर्ने आवश्यकता पनि पौडेलले औँल्याउनुभयो । "अहिले विदेशी मुद्राको सञ्चिति राम्रो छ तर त्यसको प्रयोग भएको छैन। 'रेमिट्यान्स' आइरहेको छ तर त्यसको सदुपयोग हुन सकेको छैन। बैङ्कमा तरलता राम्रो छ तर उत्पादन र रोजगारीका क्षेत्रमा लगानी भएको छैन । खराब कर्जाको स्थिति बढेको छ । उद्योगधन्दा एक तिहाइ क्षमतामा चलेका छन्। यी समस्या समाधान गर्नेगरी बजेट आउनुपर्छ," पौडेलले भन्नुभयो।

उहाँले शिथिल बनेको मुलुकको अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने मुख्य चुनौतीलाई चिर्ने गरी बजेट आउनुपर्ने बताउनुभयो। "मानिसमा निराशा छ। उत्पादनका क्षेत्रमा उत्साहजनक अवस्था छैन । त्यसलाई चिर्ने गरी बजेट आउनुपर्छ," पौडेलले भन्नुभयो, "विकास अलमलिएको छ। त्यसलाई गति दिने



गरी बजेट आउनुपर्छ।"

सामाजिक न्यायमा आधारित समाजावाद उन्मुख बजेटको दिशामा जानुपर्ने बेला आएको भन्दै पौडेलले बजेट विनियोजनमा तीन तहका सरकारबीच दोहोरोपन हुन नहुनेमा पनि जोड दिनुभयो । "आवश्यकता पहिचानबिना नै योजनालाई बजेट दिने गरिएको छ । प्रदेश, पालिका, सङ्घमा एउटै योजना छन् । जस्तो आयोजनालाई पनि योजना बैङ्कमा चढाई दिने समस्या छ। यस्तो प्रवृत्ति हट्नुपर्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ", " उहाँले भन्नुभयो।

एमालेका केन्द्रीय सदस्य तथा बुद्धिजीवी परिषद् इन्चार्ज विद्या भट्टराईले संविधानले नै बजेट कस्तो बनाउने भनेर मार्गनिर्देश गरेको बताउनुभयो । बजेटलाई आर्थिक दृष्टिकोणले मात्र नभई अर्थसामाजिक दृष्टिकोणले समेत हेर्नुपर्ने उहाँको भनाइ छ। "सैद्धान्तिकभन्दा पनि व्यावहारिक पक्ष र नागरिकका आकाङ्क्षालाई केन्द्रमा राखेर बजेट ल्याउनुपर्छ," भट्टराईले भन्नुभयो, "हामीले बजेटलाई उत्पादनमुखी बनाउने कि उपभोक्तामुखी मात्रै बनाइराख्ने भन्ने मुख्य विषयमा पनि बहस आवश्यक छ। साथै सांसदका सुझाव बजेटमा समेटिएनन् भनेर गुनासो आउने गरेका गुनासालाई पनि ख्याल गरिनुपर्छ।"

राष्ट्रिय योजना आयोगका सदस्य प्राडा शिवराज अधिकारीले मुलुकको आर्थिक अवधारणा कस्तो हुने भनेर संविधानले नै निर्धारण गरेको र त्यसलाई कार्यान्वयनमा जोड दिइनुपर्ने बताउनुभयो। नेपालको बैङ्किङ तथा वित्त क्षेत्रले वास्तविक क्षेत्रमा लगानी बढाउन नसकेको उहाँको भनाइ छ। बजेट बनाउँदा पूर्वतयारी भएका र कार्यान्वयनयोग्य आयोजनामा रकम हाल्नुनपर्ने भए पनि अहिले रातारात 'प्रोजेक्ट बैङ्क'को सूचीमा योजना थपेर बजेट विनियोजन गर्ने तयारी भइरहेको उहाँको आरोप छ।

विज्ञहरूले अर्थतन्त्रको आकार र आम्दानीको स्रोत कम हुँदा बजेट व्यवस्थापनमा सकस पर्ने गरेको उल्लेख गर्दै मुलुकको अर्थतन्त्र कृषि क्षेत्रबाट औद्योगिकीकरणमा जान नसकेर एकैपटक सेवा क्षेत्रमा जाँदा समस्या भएको धारणा राख्नुभयो । "नीतिगत भ्रष्टाचार र साधारण खर्च बढेको तर विकास खर्च घटेको छ। साँवाब्याजमा ठूलो रकम खर्च भइरहेको, 'रेमिट्यान्स'को पैसा घरायसी खपतमा धेरै खर्च हुने गरेको, सामाजिक सुरक्षालगायत कार्यक्रमले राज्यलाई दायित्व बढेको छ", उहाँहरूले भन्नुभयो।रासस

# न्यायिक पुनः स्थापनाका लागि बजेट विनियोजन गर्न हरवाचरवाको माग

**टुडे समाचारदाता**

काठमाण्डु । न्यायिक पुनःस्थापनाका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्न मुक्त कमैया, हलिया, कमलहरी गर्दै उनले आफूहरूले सरकारसँग विभिन्न ११ बुँदे माग राखेका र आगामी आव २०८१/८२ को बजेटमार्फत माग सम्बोधन गर्न आग्रह गरेका थिए। विसं २०७८ मुक्त कमैया समाज कैलालीका अध्यक्ष चन्द्रप्रसाद चौधरीले भने,"त्यसका अतिरिक्त सरकारले मुक्तिको घोषणा गरिएका हामी सबै समुदायका समस्या समाधानका



र हरवाचरवाहरूले माग गरेका छन्।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मुक्तिको घोषणा गरिएको लामो समयसम्म न्यायिक पुनःस्थापना र जीविकोपार्जनसम्बन्धी समस्या सम्बोधन हुन नसकेका भन्दै सरोकार भएकाहरूले सरकारसँग त्यस्तो माग गरेका हुन्।

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घका अध्यक्ष ईश्वर सुनारले कृषि दासताबाट मुक्त भए पनि चरम गरिबी र अभावपूर्ण जीवनयापन गरिरहेका भए पनि ती समुदायको समस्या सम्बोधन नभएको गुनासो सालमा अधिकारकर्मी श्याम श्रेष्ठको अध्यक्षतामा गठित मुक्त कमैया, हलिया, कमलरी तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयन हुनुपर्नेमा उनीहरूको जोड थियो।

"भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुक्त कमैया, कमलरी, हलिया तथा हरवाचरवा पुनःस्थापनका लागि तयार पारेको पुनःस्थापना कार्ययोजना तथा कार्यविधि मन्त्रिपरिषद्बाट पारित गरी कार्यान्वयन गर्नसमेत सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ", लागि एकीकृत ऐन जारी गरी पुनःस्थापना कार्य अगाडि बढाउन आवश्यक छ। यसका लागि पनि सरकारसँग आग्रह छ।"

त्यसअवसरमा राष्ट्रिय दलित नेटवर्क आरडिएन नेपालका उपाध्यक्ष श्याम सुनार, मुक्त कमैया महिला विकास मञ्च कैलालीका अध्यक्ष सीमा चौधरी, मुक्त कमलरी विकास मञ्च दाङका हिरामोति चौधरीलगायतले आफूहरूका माग र मुद्दा सम्बोधन गर्न धेरै ढिला भइसकेको भन्दै आगामी आर्थिक वर्षको बजेटमा स्रोत सुनिश्चितता गर्न आग्रह गरेका थिए।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# धनुषामा आइतबारदेखि पोलियोविरुद्धको खोप लगाइने

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषाको १८ वटै पालिकामा दुई चरणमा राष्ट्रिय खोप कार्यक्रम आइतबारदेखि सञ्चालन हुने भएको छ ।

पोलियो रोग विरुद्धको आई पि भी खोप जेठ १३ गते देखि चार दिनसम्म लगाइने स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ।

२०७३ साल वैशाखदेखि २०७५ असोजसम्म जन्मिएकाहरु खोपको अभावमा पोलियोविरुद्धको खोप लगाउन छुटेका बालबालिकाहरूलाई खोप लगाइने कार्यक्रम रहेको स्वास्थ्य कार्यालय धनुषाका खोप अधिकृत राजदेव यादवले जानकारी दिए।

खोप कार्यक्रमको विषयमा जानकारी दिने उद्देश्यले खोप समन्वय समितिका सदस्य तथा पत्रकारहरूसँग बीच एक दिने अभिमुखिकरण कार्यक्रममा शुक्रबार जानकारी दिए अनुसार सो अवधिमा धनुषामा जन्म भएका ४० हजार २ सय ४० बालबालिकाहरूलाई खोप लगाइने कार्यक्रम रहेको खोप अधिकृत यादवले बताए।

धनुषा जिल्लामा पहिलो चरण अन्तर्गत जेठ १३ गते देखि १७ गतेसम्म जनकपुरधाम उपमहानगरपालिका, नगराईन नगरपालिका, हंसपुर नगरपालिका, क्षीरेश्वरनाथनगरपालिका, मिथिला नगरपालिका तथा गणेशमान चारनाथ नगरपालिका, मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, बटेश्वर गाउँपालिकामा खोप लगाइने कार्यक्रम रहेको छ । भने त्यस्तै दोस्रो चरणमा जेठ २२ गतेदेखि २६ गतेसम्ममा विदेह नगरपालिका, कमला नगरपालिका, शहिदनगर नगरपालिका, सबैला नगरपालिका, धनुषाधाम नगरपालिका र मिथिला बिहारी नगरपालिका, धनौजी गाउँपालिका, औरही गाउँपालिका, जनकनन्दनी गाउँपालिकामा खोप लगाइने कार्यक्रम रहेको जनाएको छ।

राष्ट्रिय खोप कार्यक्रमलाई सफल बनाउनका लागि १ हजार १ सय १२ स्थानमा खोप केन्द्र, ८ सय ३३ विद्यालयमा, ५ प्राथमिक स्वास्थ्य केन्द्र, १ सय ७३ स्वास्थ्य संस्था र आधारभूत स्वास्थ्य संस्थाहरूमा खोप केन्द्र स्थापना गरिएको छ।

खोप कार्यक्रमलाई सफल बनाउनका लागि २ हजार २ सय २४ जना स्वयंसेविका, ३ सय ३८ खोप कार्यकर्तासहित दक्ष स्वास्थ्यकर्मी, २ सय ४२ सुपरभाइजर परिचालन गरिने स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ।

नेपालबाट सन् २०१० मा पोलियो उन्मूलन भए पनि नियमित खोप कार्यक्रम अन्तर्गत खोप लिन छुटेका बालबालिकाहरूलाई लक्षित गर्दै पोलियो रोगको प्रभाव नरहोस् भन्ने उद्देश्यका साथ नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सो अवधिमा खोप दिन लागेको स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश कुमार यादवले बताए।

जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डलको अध्यक्षतामा भएको सो कार्यक्रममा खोप कार्यक्रमको विषयमा विश्व स्वास्थ्य संगठन मधेश प्रदेशका सर्भिलेन्स मेडिकल अफिसर डा. सुरेश शुक्लालगायतले खोप कार्यक्रमलाई सफल बनाइ पोलियो जस्ता रोग लाग्नबाट बालबालिकालाई जोगाउनका लागि आग्रहसमेत गरे।

# श्रीराम चिनी मिल सञ्चालनका लागि सहमति

**टुडे समाचारदाता**



मलंगवा । श्रीराम सुगर मिल्स लिमिटेड सञ्चालनका लागि सहमति जुटेको छ । सो उद्योग सञ्चालन सम्बन्धमा बिहीबार गठित कार्यदलले प्रतिवेदन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमक्ष पेस गरेको छ।

महिला तथा सामाजिक मामिलाका सभापतिसमेत रहेका सांसद किरण साहको संयोजकत्वमा गठित कार्यदलले उद्योगीहरूलाई आर्थिक सङ्कट भएको र जग्गा उपयोग गरेर उद्योग चलाउने वातावरण बनाउनुपर्ने बताए बमोजिम उद्योगको नाममा रहेको करिब ७४ बिघा जग्गामध्ये मूल संरचनामा असर नपर्ने गरी र ऋण फरफारक एवं मेसिनहरूको मर्मत सम्भार गरी तत्काल संचालन गर्ने शर्त सहित मूल सडकसँग जोडिएको केही जग्गा बेच्न दिने सहमति गरेको छ।

भूमि सम्बन्धी ऐन २०२१, औद्योगिक व्यवसाय ऐन २०७६, लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१ तथा अन्य प्रचलित कानुनको प्रावधानअनुसार कम्पनीको नाममा रहेको जग्गालाई प्रयोग गरी उद्योग सञ्चालन गर्न उपयुक्त विधि पहिचान गरी आवश्यक कार्य कम्पनीले अगाडि बढाउने सहमति भएको सांसद साहले जानकारी दिए।

सो उद्योग विगत चार वर्षदेखि सञ्चालन हुन नसकेको एवं लगानीकर्ताले समेत थप लगानी गर्न तथा ऋणसमेत तिर्न नसकेको देखिएकाले रूग्ण उद्योगको पहिचान सम्बन्धी कार्य गर्नेसमेत कार्यदलमा सहमती भएको छ। उद्योगलाई औद्योगिक व्यवसाय ऐन, २०७६ तथा नियमावली अनुसारको प्रक्रिया गरी रूग्ण उद्योगको सुविधासहित रूपान्तरण गरी सञ्चालनका लागि अगाडि बढाउन उपयुक्त देखिने कार्यदलको ठहर छ।

कार्यदलमा संयोजक सांसद साहसहित अर्का सांसद विना साह, संविधानसभा सदस्य रामकुमार भट्टराई, उद्योगी हितेश गोल्छा र विशाल अग्रवाल, उखु उत्पादन किसान संघका अध्यक्ष तथा स्थानीय संघर्ष समिति अध्यक्ष अशोकप्रसाद यादव र मन्त्रालयका तर्फबाट सहसचिव विपीन आचार्य सदस्य रहेका थिए।

विसं २०४९ सालमा स्थापित सो उद्योग २०७७ सालदेखि बन्द अवस्थामा रहेको छ । झण्डै ७४ बिघा क्षेत्रफलमा रहेको सो उद्योगको नेपाल बैंक लिमिटेडले लिलामी सूचना निकालेर रानाकुमार अग्रवालले साकार गरेका छन् । जग्गाको भने लिलाम गरिएको छैन । स्थानीयको चर्को विरोधका कारण उद्योग अन्यत्र सार्न नसकिएपछि लामो समयदेखि विवाद हुँदै आएको छ।

# ‘सीमावासीसङ्ग सशस्त्र प्रहरी कार्यक्रम’ले सीमाक्षेत्रका बासिन्दा खुसी



**टुडे समाचारदाता**

गौर । सशस्त्र प्रहरी बल रौतहटले नेपाल भारत सीमाक्षेत्रमा सम्पन्न ‘सीमावासीसङ्ग सशस्त्र प्रहरी कार्यक्रम’ले सीमाक्षेत्रका बासिन्दा खुसी भएका छन् ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गण हेडक्वाटर रौतहटद्वारा इशनाथ नगरपालिकास्थित नेपाल भारत दशगजा क्षेत्रमा गरिएको अन्तरक्रिया कार्यक्रम प्रभावकारी भएको भन्दै सीमावासी खुसी भएका छन् ।

कार्यक्रममा भारतीय सशस्त्र सीमा बलको प्रतिनिधि, भारत घोडासहान ब्लकअन्तर्गत ग्राम पञ्चायत बलुवाका मुखिया मोहम्मद फारुक आलम र इशनाथ नगरपालिका रौतहटका प्रमुख कौशल्या देवी, रौतहट सशस्त्र प्रहरी प्रमुख सशस्त्र प्रहरी उपरीक्षक (एसपी) विक्रम हुमागाइँ, वडा अध्यक्षलगायत स्थानीयवासीको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा दशगजा क्षेत्र सधैँ सफा राख्नुपर्ने साथै वर्षात तथा मनसुनको समयमा हुन सक्ने बाढी तथा डुबानबाट उत्पन्न हुने जोखिम तथा त्यसका समाधानका उपायलगायत विपद्को समयमा फैलिन सक्ने विभिन्न प्रकारका रोग तथा सुरक्षात्मक उपाएको सम्बन्धमा नेपाल र भारत दुबै पक्षका पदाधिकारीबीच छलफल तथा अन्तरक्रिया भएको थियो।

यस विषयमा दुबै देशका सीमा क्षेत्रमा व्यापकरुपमा जनचेतनामूलक कार्यक्रम गर्न पारस्परिक सहकार्य आवश्यक रहेको कुरामा विशेष जोड रहेकोले स्थानीयवासी खुसी भएका छन्।

सशस्त्र प्रहरी प्रमुख एसपी विक्रम हुमागाईले बर्षातको समयमा बकैया नदीमा आउने बाढीले इशनाथ नपा- १ बन्जरहाले हरेक वर्ष डुवानको समस्या झेल्दै आएको र त्यसको दिर्घकालीनरुपमा निकासका लागि योजना बनाइ अघि बढ्नु पर्ने बताए।

सीमा क्षेत्रमा हुने गरेको अवाञ्छित गतिविधि माथि निगरानी राख्न तथा राजस्व छलेर सहजै नेपाल प्रवेश गर्ने कार्य समेतलाइ निरुत्साहित गर्न सशस्त्र प्रहरी बलले सीमाको नागरिकसँग गरेको अन्तरक्रियाबाट सीमावासी लाभान्वितबनेकोनगरप्रमुखकौशल्या देवीले बताइन् । उनकाअुनसार दशगजा क्षेत्रमा सरसफाई गरी सधैँ सफा राखिने दुवै तर्फका प्रतिनिधिले प्रतिबद्धता जनाएका छन् । कार्यक्रममा सीमा स्तम्भ नम्बर २३४६/६ देखि सहायक सीमा स्तम्भ नम्बर ३४६/७ सम्म अन्दाजी आठ सय मिटर नेपाल-भारत दशगजा सीमा क्षेत्रमा सरसफाई गरिएको छ।

# डिजिटल प्रविधिबाट अध्यापन

**टुडे समाचारदाता**



मलंगवा । सर्लाहीको सामुदायिका विद्यालयमा डिजिटल प्रविधिबाट विद्यार्थीहरुलाई पठनपाठन थालिएको छ।

शुक्रबार मलंगवा नगरपालिकाले आधुनिक प्रविधिको उपयोग गर्दै शिक्षण सिकाइलाई उपलब्धिमुलक तथा प्रविधिमैत्री बनाउन सामुदायिक विद्यालयमा डिजिटल कक्ष संचालनमा ल्याइएको छ।

मलंगवा नगरपालिकाका नगर प्रमुख नागेन्द्र प्रसाद यादवले पब्लिक माध्यमिक विद्यालयमा डिजिडिटल कक्षको उद्घाटन गर्दै सामुदायिक विद्यालयलाई आधुनिक यूगसंग जोड्नु आवश्यक रहेको बताए।

नगरप्रमुख यादवले प्रविधिको प्रयोग गरी शिक्षाको गुणस्तरीयतामा गुणात्मक वृद्धि गर्ने उद्देश्यले हाल जिल्लाकै सबैभन्दा जेठो सामुदायिक विद्यालयको रुपमा रहेको पब्लिक माध्यमिक विद्यालयमा डिजिटल कक्ष संचालनमा ल्याएको बताए।

उनले नगरपालिका भित्रका अन्य सामुदायिक विद्यालयहरुमा पनि क्रमशः रुपमा डिजिटल कक्षा संचालनमा ल्याएर शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने बताए।

यस डिजिटल कक्षमा पाठ्यपुस्तक अनुसार नै स्मार्ट टिभीबाट पढाइ हुने व्यवस्था रहेको पब्लिक माविका प्राधानाध्यापक सुवास कुमार यादवले बताए।

शिक्षाको गुणस्तर कायम हुने लक्ष्य लिएकोले शिक्षालाई प्रविधिसँग जोडेर अगाडि बढ्ने प्रयास गरेको उनले बताए । परम्परागत बोर्डमा लेखेर पठनपाठन हुने विद्यालयमा डिजिटल बोर्ड जडान भएपछि पढाइतर्फ पनि विद्यार्थीहरुको आकर्षण बढ्ने र अध्ययन अध्यापनमा समेत सहज हुने बताए। यसका लागि इन्टरनेटको सहयोग पनि आवश्यक रहेको उनले बताए । सो कार्यक्रममा शिक्षा समन्वय समिति इकाई कार्यालय सर्लाहीका प्राविधिक सुनिल कुशवाहाले विगतको प्रविधिलाई प्रयोग गर्दै डिजिटल बोर्ड तथा स्मार्ट टिभीको माध्यमबाट अध्यापन गराउँदा विद्यार्थीको आकर्षण बढेसंगै उपलब्धिमा पनि वृद्धि हुने बताए।

शिक्षक विभाष कर्णले संचालन गरेको कार्यक्रममा मलंगवा- २ का वडा अध्यक्ष धीरेन्द्र साह, निवर्तमान विद्यालय व्यवस्थापन समितिका सदस्य बिर्जु राय, मावि सुन्दरपुरका प्रधानाध्यापक रामकिशोर महतो, नेपाल स्काउटका सुभाष कर्ण, नेपाल स्काउट मधेश प्रदेश सदस्य दीलिप उपाध्यायलगायतहरुको उपस्थिती रहेको थियो।

# प्राधिकरणको साढे तीन अर्ब बक्यौता

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगञ्जको चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा ट्रङ्कलाइन तथा डेडिकेटेडलाइन जोडेका उद्योगीसहितका अन्य सबै प्रकारका ग्राहकको बक्यौता रकम तीन अर्ब ४३ करोड २२ लाख २३ हजार चार सय ६१ रकम पुगेको छ।

गत आवभन्दा चालु आवको १० महिनामा बक्यौता रकम २७ करोड ८१ लाख ९७ हजार चार सयले बढेको छ। यो बक्यौता रकम ट्रङ्कलाइन तथा डेडिकेटेडलाइन जोडेका पाँच उद्योगीसहित अन्य औद्योगिक, घरासयी ग्राहक र सडकबत्ती बापतको छ।

केन्द्रका अनुसार चालु आवको वैशाख मसान्तसम्ममा औद्योगिक ग्राहकको बक्यौता रकम दुई अर्ब २७ करोड १० लाख २२ हजार एक सय ९४ रहेको छ। त्यसैगरी सडकबत्तीको बक्यौता रकम २१ करोड २८ लाख ३५ हजार पाँच सय छ रहेको छ। त्यस्तै घरायसी ग्राहकको बक्यौता रकम पनि ५३ करोड ४५ लाख ६७ हजार एक सय ८७ रहेको छ।

केन्द्रको गत आवको असार मसान्तसम्ममा बक्यौता रकम तीन अर्ब १५ करोड ४० लाख २६ हजार चार सय ५७ पुगेको थियो । प्राधिकरण वितरण केन्द्र वीरगञ्जका प्रमुख अबधेशकुमार दुबेले चालु आवको वैशाख मसान्तसम्ममा विद्युत् महसुल भुक्तानी नगर्ने तीन हजार तीन सय ९६ ग्राहकको लाइन काटेर बक्यौता रकम उठाउँदै आइरहेको बताए।

“वीरगञ्ज वितरण केन्द्र मातहत पाँचवटा ट्रङ्कलाइन तथा डेडिकेटेडलाइनबाट बिजुली लिएका उद्योगी रहेकाले पनि बक्यौता रकम उच्च देखिएको छ”, उनले भने, “यो वर्ष हामीले कम्तीमा चार हजार घरको बिजुलीको लाइन काटेर बक्यौता उठाउने कोसिस गरिरहेका छौँ ।” केन्द्रले बक्यौता मासिक नतिर्ने तीन सयभन्दा धेरै ग्राहकको घरको बिजुली काट्दै आइरहेको छ।

कार्यालय प्रमुख दुबेका अनुसार मासिक विद्युत्को महसुल तिर्नुपर्छ भन्ने चेतना अभावका कारणले पनि महसुल तिर्न आनाकानी गर्दै आइरहेका छन्। “करिब ४० प्रतिशत ग्राहकले मात्रै नियमित समयमा महसुल तिर्दै आइरहेका छन्”, उनले भने, “छिमेकीले बिजुलीको महसुस नतिरेपछि लाइन काटियो भन्ने हल्लागाउँभरि फैलिएपछि मात्रै महसुल तिर्न आउने पनि भेटिन्छन्। त्यसैले पनि बक्यौता उठाउने कार्यलाई कडाइपूर्वक अघि बढाउँदै आइरहेका छौँ।

गत आवको अन्त्यसम्म औद्योगिक ग्राहकको बक्यौता रकम दुई अर्ब तीन करोड ६२ लाख ११ हजार सात सय ६९ रहेको थियो। सोही वर्ष सडकबत्ती बापतको बक्यौता १८ करोड ६७ लाख ७८ हजार १० रहेको छ । घरासयी ग्राहकको बक्यौता रकम ५३ करोड ७४ लाख ५३ हजार सात सय ८८ रहेको थियो।

# प्रधानमन्त्री दाहालसंग एम्नेस्टीका महासचिवको शिष्टाचार भेट

**टुडे समाचारदाता**



काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग एम्नेस्टी इन्टरनेसनलका महासचिव अग्नेज कालामार्डले शुक्रबार शिष्टाचार भेट गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा सङ्क्रमणकालिन न्याय एवम् मानवअधिकारसम्बन्धी विविध विषयमा छलफल भएको प्रधानमन्त्री दाहालका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिए।

तिमिल्सिनाका अनुसार भेटमा प्रधानमन्त्री प्रचण्डले मानवअधिकारको संरक्षण र प्रवर्द्धनका पक्षमा प्रतिबद्धता व्यक्त गर्दै मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्न नेपाल सधैं प्रयत्नशील रहेको स्पष्ट पारेका थिए। प्रधानमन्त्री दाहालले संसद्मा विचाराधिन सङ्क्रमणकालिन न्यायसम्बन्धी मस्यौंदा विधेयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला पक्षलाई विश्वासमा लिएर अगाडि बढाइने बताएका थिए।

त्यसअवसरमा महासचिव कालामार्डले नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुयाउन प्रधानमन्त्री दाहालले निर्वाह गेरको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै सङ्क्रमणकालिन न्यायसम्बन्धी कानुन छिट्टै निर्माण हुने र शान्ति प्रक्रिया टुङ्गिने विश्वास व्यक्त गेरको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ।

# नयाँ शक्ति अभियान थप सशक्त हुन्छ : डा.भट्टराई

बलेवा । नेपाल समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले नयाँ बागलुङ जिल्ला अधिवेशन तथा प्रशिक्षण कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै उहाँले राजनीतिमा



शक्ति निर्माण अभियानलाई थप सशक्त बनाउनुपर्ने बेला आएको बताउनुभएको छ।

नेपाल समाजवादी पार्टीको सरसफाइ आवश्यक रहेको बताउनुभयो । पार्टीहरु सिद्धान्त र विचारभन्दा स्वार्थमा रुमलिँदा मुलुकले निकास पाउन नसकेको उहाँको धारणा थियो।

आफूले नयाँ शक्ति पार्टी स्थापना गर्दा उठाएका एजेण्डामा पछि नपरी यसलाई थप सशक्त बनाउने अभियानमा नयाँ शक्ति लाग्ने डा भट्टराईले बताउनुभयो । पछिल्लो समय नयाँ पार्टीहरुले आफ्ना एजेण्डा समातेका भए पनि उनीहरुसँग राजनीतिक दृष्टिकोण र विचारमा स्पष्टता नभएकाले आफूले थालेको अभियानलाई थप सशक्त आफैँले बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

जिल्ला अधिवेशनले कृष्ण शर्मा संयोजक रहेको ५१ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ । पार्टीको विद्यान महाधिवेशनपश्चात् बाँकी पदाधिकारीको टुङ्गो लगाउने अध्यक्ष शर्माले बताउनुभयो।रासस

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित
यही मिति २०८१/०२/१३ गते आइतवारका दिन
२×२ लकजरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।
विशेष यात्रा
हलेशी, काठमाण्डौं, डोलेश्वर महादेव, गलेश्वर महादेव, मुक्तिनाथ, कागबेनी, पोखरा बाग्लुंग भगवती, मनोकामना माई, देवघाट, सम्मको ७ दिनको यात्राको लागि प्रति व्यक्ति रु. १२,०००।- नेपाली (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।
सम्पर्क

प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९४

## भुमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गाविस पुरेनवा वडा नं. १ हाल गौर नगरपालिका वडा नं. ८ मा बस्ने भागवत साहको छोरी शिव साह तेलीको श्रीमती राधिका देवी साहले आफ्नो पति नाता पर्ने शिव साह तेलीको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गरी पाउँ भनि निवेदन पेश गरेकोमा श्री रौतहट जिल्ला अदालत गौर बेपत्ता वा मृत्युको न्यायिक घोषणाको प्रमाण पत्र नं. ०३/०८०-८१ मिति २०८०/११/१७ को पत्रानुसार मिति २०६४/०१/२० गते देखि बेपत्ता वा मृत्यु भएकोले निजको नाममा दर्ता रहेको जग्गा नामसारी हुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए, असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पुर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम एकलौटी नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पुरेनवा | ३ | १३४८ | ०-०-१७-८ | शिव साहु तेली |
| रौतहट | पुरेनवा | २ | ७०१ | ०-०-१-५ | |
| रौतहट | पुरेनवा | २ | ७०५ | ०-१-०-० | |
| रौतहट | पुरेनवा | २ | ७०७ | ०-०-१८-११ | |
| रौतहट | पुरेनवा | ३ | १३५२ | ०-२-५-० | |
| रौतहट | ३ | ३ | १३५५ | ०-१-५-० | |
| रौतहट | ३ | ३ | १३५८ | ०-०-१५-० | |
| रौतहट | १ | १ | १४७१ | ०-१-९-८ | |

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। परिवर्तन कब हेतै ।।

अपने के निक दोसर के खराब बुझै छे
आई काल्हि पानियो के तो सराब बुझै छे
कते तोरा पर आशा भरोसा करै छलिये
तो त हर कुछ के जेना मजाक बुझै छे
अपन अपने होइ छे से कहावत मे मात्रे छै
अपने लोक सँ आई काल्हि लुटपाल होइ छै
चोर उच्चका आ भष्टाचारी के राजे छै देश मे
भलादमी के घर चेकजाच होइ छै
जे करै खुव मेहन मजदूरी कुछ नै प्रगति छै
सरकारी नोकरी बला के देखै छी तिन तिन
तल्ला महल्ला बन्बै छै
आब ई देशमे गरीब कि कर सक्तै
खाड़ी देश जाई लेल सेहो तिन तिन
लाख तिरै छै
जनताके कर सँ देश चैल रहल छै
और नेताके कारण जनताके दिनचरियो
अंधकार होइ छै
परिवर्तन कब हेतै देश मे
हर जनताके ईहे आश छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। नमागेको माया ।।

त्यही यात्राको एक चौबाटोमा , भेट तिमीसँग
खै कसरी बसेको थियो , नमागेको माया तिमीसँग
जुन म कहिल्यै माग्न सकिँन ।।
मैले बास गरेको मुटु , फेरी अचेल कसलाई दियो होला
मैले सिँगार्न नसकेको सपना , फेरी कसले उसलाई
आँखा भित्र बसाएर सजायो होला ।।
यो कथा पनि आफैमा अधकल्चो ,रहन पुगेको रैछ
जसमा यही कथाले , ' तिमी ' पात्रलाई नमागेर
इतिहास रच्न खोजेको छ ।।
यो आँखा अनि मुटुभित्र , के बसेको थियो लुकेर
कसरी तिमी थाहा पाउन सक्छौ र ?
विश्वस्त छु , अझै छु
यदि पाउँन सके आर्को जुनीमा तिमलाई
आउनेछु फेरी म त्यही मुटु लिएर ।।



**नाम : नरेन्द्र नाथ साह ( रीशु)**
**ठेगाना : औरही गा . पा. - ०३ कपटौल**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर**
**( वाणिज्य संकाइ विद्यार्थी )**

## ।। सामुहिक विद्यालयको एक असल बिद्यार्तीको कथा ।।

सरकारी विद्यालयको त्यो सानो संसार,
जहाँ हराउँदै छन् विद्यार्थीका निस्वार्थी अधिकार।
शिक्षाको खोजीमा हिँड्ने ती साना पाईलाहरू,
कहिले त हौसला, कहिले सपना हराउँदैछन् सारा।
कक्षाकोठामा खाली कुर्सी, टुटेको झ्याल,शिक्षकको अभाव,
पुस्तिकाको कमि,
विद्यार्थीको आँखामा थुप्रिएको प्रश्नको हल।
पुस्तकको पाना पल्टाउन गाह्रो,
ज्ञानको दीप जल्न नपाउँदाको दुख्ख।
बर्खामा छानो चुहिन्छ,
जाडोमा चिसोले हाड भित्रै पुग्छ।
जीवनको यात्रा, कठिनाईको बाटो,
सरकारी विद्यालयमा पाइला-पाइलामा छ कठिन संघर्षको तातो।
कापी कलमको अभाव, पुस्तकहरूको खोज,
तर मनमा छ ज्ञानको दीयो जलाउने रोज।
विद्यार्थीहरूको भविष्य अन्धकार,
सरकारी विद्यालयमा पीडा भरिएको संसार।
सपना छन् ठूला, तर साधनको अभाव,
विद्यार्थीको मनमा आशा, तर भविष्यको डर।
समाजको नजरले हेर्छ तिरस्कार,
सरकारी विद्यालयको गरिमा लुटिन्छ वारंवार।
सरकारी विद्यालय, हाम्रो जीवनको आशा,
हाम्रो सपना साकार गर्ने यो नै हो एकमात्र उपाय।
आफ्नो हातमा छैन साधन, तर मनमा छ जोश,
हाम्रो संघर्षलाई समर्थन गर, यही हो हाम्रो बिन्तीको दोष।
तर पनि बालबालिकाले गर्छन् संघर्ष,
सपना बुन्दैछन्, बाँच्ने आशाको पथ।
सरकारी विद्यालय, यहाँको कथा,
विद्यार्थीहरूको पीडा, अन्धकारको व्यथा।
दुःख र पीडाले भरिएको कथा,
सरकारी विद्यालय, तिमी नै हाम्रो मातृभूमि।
सरकारी विद्यालयमा आशा फेरी जगाउन,
हाम्रो सामूहिक प्रयासले मात्रै सकिन्छ यो परिवर्तन ल्याउन।



**नाम : बिभाष नन्द शाह**
**ठेगाना : औरही गा . पा. - ०३ कपटौल धनुषा ( नेपाल )**

## ।। गगन ।।

गगन एउटा गनगनको आक्रोशित आवाज हुन ।
गगन एउटै आफैमा विचार र सिद्धान्त हुन ।
गगन एउटा आफैमा क्रान्ति हुन ।
गगन एउटा आफैमा ठाडो र बुल्नद आवाज हुन ।
गगन एउटा बाटो हुन जसमा हामीलाई आज नभए पनि भोली
सबैलाई चल्नु पर्छ ।
गगन एक अभियास हुन , त्यो हामी सबैलाई पढ्नु पर्ने रहेछ ।
गगन युवा पुस्ताका मस्ती र हुन ।
गगन एक आफैमा सलाह र सुझाव हुन , जुन हामीले बुझ्न सकिदैनौं।
गगन एक प्रतीक हुन् जसमा सबैले समाउन चाहन्छ ।
गगन एक उधारो हुन जसको मूल्य हामी युवा पुस्तालाई चुकाउनु पर्छ।
गगन एउटा आफैमा गणित हुन जसको वाँख्या सबै शिक्षक बाट हुँदैन ।
गगणमय लोकतन्त्र छ भन्ने पनि हिचकियाउनु हुँदैन ।



**अजय यादव**
**नेपाल विद्यार्थी संघ धनुषा जिल्ला 'क्रान्तिकारी विद्यार्थी नेता'**

म शब्दहरूले आफ्नो कुरा बयान गर्न सक्दिन।
तिमी यी आँखाहरू पढिदेउन है ।।
मेरो मुखबाट केहि न आएनी मेरो मनले
आँखको माध्यमबाट बोलिरेख्या छ ।
तिमी पढेर बुजिदेउ है ।।
तिमी सँग बोल्न त धेरै मन लाग्छ तर
तिमी छेउमा आउँदा दिमाग रितिन्छ ।
तिमी बुझेर हांसी देऊ है।।
तिमीलाई हेरेर घण्टौं बिताउन सक्छु तर तिमी सँग आँखा
जुधाउन सक्दिन।
तिमी हाँसेर हेरि देऊ है।।
बुझ्दै छु प्रेमको अर्थ तिमी साथ दिन्छौ है।
तिम्ले मेरो मायालाई आफ्नो मनमा बास दिन्छौ है।।
आजकाल सबथोक गुलाब जस्तै सुन्दर देख्याछ मेरो मन तिम्रो
मायाले है।
आजकल तिम्रो माया परेको छु तिमी सधैं भरकोलगी साथ
दिन्छौ है ।।



**नाम : समिर रेग्मी**
**इटहरी**

## ।। आजका विद्यार्थीको समस्या ।।

सपना बोकेर क्याम्पस छिरेका,
कत्ति ठूलो भारी, थाहा छैन रे।
पढाइको बन्धन, जता पनि तनाव,
आजका विद्यार्थीको समस्या कति ठुलो छ।
आमा-बुबाको आशा, सपनाको झोला,
धेरै बेरसम्म जागिर खोज्न,
पढ्नै पर्ने बाध्यता, समाजको दबाब,
बाँच्न कठिनाई, जिन्दगी कस्तो खेल हो।
प्रविधिको बाढीमा हराउने सपना,
मोबाइल र इन्टरनेट, समयको चोरी।
कक्षाकोठामा ध्यान, कत्तिको केन्द्रित?
मन भित्र द्वन्द्व, सपनाको खोजी।
परीक्षाको डर, परिणामको त्रास,
जीवनको मार्गमा, कुन बाटो चाँहि सही?
आफ्नै पहिचान, कहाँ फेला पार्ने?
आजका विद्यार्थी, कस्तो संघर्षमा छन्।
सम्बन्धको चपेटा, मित्रताको भ्रम,
सपना साकार गर्न, कतै नडग्मगाओस्।
आजको पिँढी, भविष्यको निर्माता,
समस्या हल गरौं, उज्यालोको साक्षी बनौं।



**लेखक विवेक साह जनकपुरधाम ४**
**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (५ सेमेस्टर)**

## ।। जिन्दगी ।।


मौरीको के काम बिना मह को
यो कल्युग हो महोदय यहाँ कोही हुँदैन कसैको
कोही आफ्नो त कोही छ परैय बनी बसेको
याहाँ आफन्त ले छ नाग झैं छ ,डसेको
कोही छ , आजाद त कोही छ मजबूरीले घेरिएको
यहाँ आफ्नो ले छ रग सर्प को काछोली झैं फेरिएको
यहाँ आफ्नो ले नि पराई झैं छ, हेरेको
यहाँ को छ सहयोगी र को छ पछि सरेको
कोही छैन भाग्यमानी सबै लाई भाग्यले छ पछि परेको
यहाँ कोही छैन जितेको सबै छ हरेको
कसैले आफ्नो मन को कुरा गरेको छैन
सबैले छ आफ्नो मान मरेको पछि पाइला छ सरेको



**लेखक रोहन भुजेल**
**जनकपुरधाम -७**

## ।। गजल ।।

मलाई पुग्नु घर खोला पारी छ ।
यात्रा निरन्तर अहिले जारी छ ।।
गरिबीको क्रुर बाढी आएकोले ।
बगेको प्यारो सपनाको बारी छ ।।
प्यारो सपनालाई जोगाउ कसरी ।
काँधमा थपिएको जिम्मेवारी छ ।।
कर्म कराउछ दिनहुँ फुटपाथमा ।
भाग्य मेरो अहिले भिखारी छ ।।
जीवनमा आनन्दरंग भरेको छैन ।
ईश्वरको विचित्र कलाकारी छ ।।



**लेखक: रामरुद्राक्ष मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। गर्मीको महिना ।।

गर्मीको महिना, धर्तीको जलन,
तपाईंको पसिना, हृदयमा उल्झन।
घामको तापले, मनमा आगो,
तृष्णाको नदीमा, सुकाउँछ सागर।
शीतल पवनको, छैन संकेत,
आकाशको क्यानभास, नीलो र सपाट।
माटोको वासना, परिष्कृत भइन,
बारीको खलिहान, बिछ्याउने बिन।
छायाँको खोजीमा, पाइलाहरू डुल्छ,
पानीको बूँदमा, आशाहरू खुल्छ।
लाग्छ, आकाशले पनि, सुकेको आँसु,
जिन्दगीको रंग, पिरो र झुज्झ।
रातको सितलमा, थोरै शान्ति पाउँ,
तारा र जूनले, मनको गाँठो छाउँ।
तर, बिहानको सूर्य, फेरी आउँछ,
गर्मीको महिना, निरन्तर चलिरहन्छ।



**लेखक : बब्लु शर्मा**
**ज. उ. न. पा.-०७ नगर सचिव**
**प्राज्ञिक विद्यार्थी परिषद् नेपाल**

## 'छुद्दा लग्ले'

उग्हनि छै बढ़का गए डोल बड्ड छोट
आ केनाकैँ मारबए त'रासलमें घोंट
थाहो नहि लागए गहीँर बड्डी कुइँयाँ
आ ठक्लक् सरधुआ अहूबेर भोंट
बाजए सुनरकीकैँ रुनूझनू पायेल
देखिते ई मनुआ भेल मोरा छोट
नित् दिन लगाबए हमे छूतक बहन्ना ऊ
केना चढ़ेबए हम सोखाकैँ रोट
भुकुर-भुकुर कनैत हेतए हमर लगोंटी बला
चोक्टल गाल दुन्नू मारैत हेतए सोंट
ई क'र ऊ क'र फरियबिते रहय छीयइकैं
तइयो सरकारजीकैँ हमरे प९ चोट
आब एकहिमें दून्ना लगादियौ मालीक
सोझ भ'जाई सगरे अहिँक पलोट
अहँएकैं कांधपर तानल छए बन्नुक रे,
अहँए ईसारा पर कानून आर कोट
चहूँओर घेराबन्दी अपनहि कराबैछी
अपनहि कमाबैछी नोटपर नोट
हम पिसिमाल आन्दोलन कि करबए
अहाँ सांसदमें धयने रहू काशी करोट
अहँए खातीर ई कोंखिक वलिदानी
अहँए खातीर हमर उजड़ल अइ खोंत
आर अहँए नित्य हमरा मूँहो दूसैछी
मुदा अहँएछी रख्ने ओइ मनुआमें खोंट



**विरेन्द्र कुमार सिंह (कुशवाहा)**
**सिरहा अर्नमा गाउँपालिका- ३, हाल - दोह, कतार**

## ।। सफलता ।।

मन मा भएका सपना सजाउ ला
एक दिन सफलता को बाटो दिरियौला
आफ्नै सफलता को गुणगान सबैलाई सुनौला
सबै कुरा छाडी गन्तव्यको बाटो पछियौला
आफूमा विश्वास राखी मेहनत जारी राखुला
हारेर हैन सबलाई जितेर देखाउँला
सुन्न आमाबा ,तपाई पिर नमान्नु
तपाईको नाम ठूलो अक्षेर ले लेखौला
मनमा भएका हजारों सपना सजाउला
हेरक दुःख सहेर सबैको सामु मुस्कुराउला
छिमेकीले दिएको गाली लाई गालीले
हैन आफ्नो मेहनत र सफलताले जलाउल
केहि समय बाँकी छ यो सबलाई गरेर देखाउँला



**मोनिका शाह, जनकपुरधम -४, रा.रा.ब. (बि एड फर्स्ट् एँर्स-२०८०)**

## ।। नेपालको बुद्ध ।।

शान्ति को दुत बुद्ध
बुद्ध को देश नेपाल
लुम्बिनी कपिलवस्तु सिद्धार्थ गौतम को जन्मस्थल
गौतम बुद्ध शान्ति को दुत
राजनैतिक उथलपुथल ले मौलाउदैछ नेपाल
बुद्ध जन्मेको देश नेपाल शान्त छैन नेपाल
फेरि एउटा बुद्ध को अवतार होस नेपाल मा
युवाहरु कमाउने नगदको श्रोतका लागि पलायन हुँदै छ खाडि
तर्फ
अफसोस शान्ति को दुतहरुले फिजाउन सकेन शान्ति नेपालमा
विभिन्न जात प्रजातको बाहुल्यता रहेको नेपाल
मठ मन्दिरहरु ले शुशोभित नेपाल
हिन्दू राष्ट्र नेपाल बने धर्म निरपेक्ष राष्ट्र
युवाहरु लाइ छैनन् रोजगार आफ्नो देश नेपाल मा
त्राहिमाम गर्दै विदेश जाने क्रम घटेको छैन नेपाल मा
कस्तो यो विडम्बना आफ्नो नेपाल को
आँट गर्छन केहि गर्छु युवाहरु नेपालमै
सहयोग गर्दैन सरकारले
शान्त छैन नेपाल गौतम बुद्ध को जन्मभुमी नेपाल
ट्यालेन्ट हरु खरदार मा छन् भने
भुषकोलहरु सरकारमा छन्
गरिबहरु पिल्सिदै छन्
धनिहरु पाखुरि बल प्रयोग गर्दैछन्
कसरि बन्ला दैश निमुखा कपटिहरु बाट
धनीहरुको ढुकुटी भरिदै छन्
गरिबहरुको झोला रितिदैछन्
जातीय बाहुल्यता को चटारो रहेको छ नेपाल मा
जो चोर उसैको ठुलो स्वर नेपालमा
कठै नेपाल मेरी नेपाली आमा
शान्ति को दुत बुद्ध
बुद्ध जन्मेको देश नेपाल
बुद्धम् शरणम गच्छामि
धम्मम शरणम गच्छामि
संघम शरणम गच्छामि
शान्ति नेपाली शान्त रहोस नेपाल



**प्रमोद राम**
**जनकपुर-९**

## ।। सबै आमा को सपना ।।

आमा को मुटुमा बग्ने सपनाहरु,
सुनौलो सूर्य झैं चम्किदै,
हजारौं सपना बुन्दै जान्छिन्,
प्रत्येक पाइला, प्रत्येक बिहान।
तिम्रा नयनले देखेको उज्यालो,
तिमीले ख्वाएको दूध झैं पवित्र,
सपना हर एक रात सपनामा,
फूलमा सिञ्चित तिमीले बुनेको।
सबै आमा को सपना एउटै,
सन्तानको सुख र सन्तुष्टि,
आफ्नो आँसु लुकाउँदै हाँस्छिन्,
सपना पूरा होस् सन्तानको।
सपना छोरीको सुनौलो बिहानी,
सपना छोराको सफल यात्रा,
आफ्नो जीवन सारा अर्पण गर्छिन्,
सबै आमा को सपना यही हुन्छ।
जीवनको हरेक मोडमा,
आमाको सपना साथ,
तिमीले बुनेको भविष्य,
हामी सबैको उज्यालो बाटो।
आमाको मनमा मात्र एउटै सपना,
सन्तानको खुशी, सन्तानको हर्ष,
तिम्रो सपनामा सधैं बाँच्न खोज्छिन्,
सबै आमा को सपना यही नै हुन्छ।



**लेखक : रश्मी दनुवार**

## "अखनो किया अछुत कहैए"

छिन-छिन भरल पानी सन
अखनो किया बान्धै छा हो
छुवलो पानी तुनै पिएछा
अखनो किया अछुत कहै छा हो...२
मरभुमी जेका समाज लगैए
मधुमोसन भरल दिन मे
जेहने तोहर रग बगैछो
वोहन हमरो रगे-रग हो....२
अछुतके भुख अखनो छै लागल
एक्काईसो सताबदीके युग्मे
बिन्ती करै छि सभ९ सामने
अखनो नै कहु अछुत हो...२
जै राह प समाज चलै ए
उ राह लगै पहाड हो
लिखल वेदना बिरेन्द्र बिबस्के
पैढ-पैढ बग्तो लोर हो...२



**बिरेन्द्र कुमार मण्डल उर्फ (बिबस), हँसपुर ०८ भतही**

# नेपाल प्रहरीले आफ्नो दायित्वलाई कुशलतापूर्वक निर्वाह गर्दै आएको छः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पदीय दायित्वलाई कुशलतापूर्वक निर्वाह गरेर प्रहरीले राज्यप्रतिको जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभएको छ।

नेपाल प्रहरीको प्रहरी निरीक्षक आधारभूत तालिम १-१८२ औँ समूहको दीक्षान्त समारोहलाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले कार्यक्षेत्रमा आउनसक्ने सबै चुनौतीको सामना गर्न प्रहरी सफल र सक्षम रहेको बताउनुभयो।

"तालिमबाट प्राप्त सीपमार्फत अपराध नियन्त्रण र अनुसन्धानका क्रममा आउने अवरोध चिर्दै कार्यसम्पादन परिणाममुखी बनाउन सफल हुने विश्वास लिएको छु," प्रधानमन्त्री दाहालले भन्नुभयो, "कर्तव्य पालनाको सिलसिलामा कत्ति पनि विचलित नभई आफ्नो पदीय दायित्वलाई कुशलतापूर्वक निर्वाह गर्नुहुनेछ।"

नेपाल प्रहरी, कानुनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट रही प्रभावकारी रूपमा अपराध नियन्त्रण र अनुसन्धान गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्न तथा मानव अधिकारको संरक्षण गर्न स्थापित संस्था भएको स्मरण गराउँदै प्रधानमन्त्री दाहालले २१औँ शताब्दीका चुनौतीहरूको सामना गर्नसक्ने दक्ष एवं व्यावसायिक प्रहरी जनशक्ति उत्पादनमा प्रशिक्षण केन्द्रहरूको भूमिका महत्त्वपूर्ण रहने बताउनुभयो।

विज्ञान र प्रविधिमा भएको तीव्र विकाससँगै नयाँ-नयाँ सुरक्षा चुनौतीहरू थपिरहेको उल्लेख गर्दै प्रधानमन्त्रीले नागरिकप्रति उत्तरदायी, मानवअधिकारप्रति संवेदनशील, निष्पक्ष, व्यावसायिक एवं कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो। नागरिक र प्रहरीबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउनका लागि हरसम्भव राष्ट्रले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक बहन गर्नसक्ने दक्ष र योग्य मानवस्रोतको उत्पादनतर्फ प्रशिक्षण केन्द्र संवेदनशील हुनुपर्नेमा प्रधानमन्त्रीको जोड छ।

शान्ति सुव्यवस्था बहाल राख्न ठूलो संख्यामा जनशक्ति परिचालित हुनुपर्ने प्रहरीको जनशक्ति दक्षता तथा कार्यकुशलताले सङ्गठनको प्रभावकारितालाई प्रत्यक्ष प्रभाव पार्ने बताउँदै प्रधानमन्त्रीले सङ्गठनका लागि चुस्त र दक्ष जनशक्ति तथा समयानुकूल र व्यावसायिक तालिम अत्यावश्यक हुने उल्लेख गर्नुभयो।

तालिमलाई थप गुणस्तरीय र व्यावहारिक बनाउन तालिमका विषयवस्तु समयानुकूल परिमार्जन गर्नुपर्ने र आधुनिक प्रशिक्षण विधि तथा मापदण्डको अबलम्वन गर्नका लागि काभ्रेको पनौतीमा नयाँ संरचनाहरू निर्माण भइरहेका प्रधानमन्त्रीले जानकारी दिनुभयो। उहाँले राष्ट्रिय सुरक्षा र हितलाई केन्द्रमा राख्दै कूटनीतिक पहलमार्फत् यी संरचना निर्माणमा सहजीकरण एवं निर्माण सम्पन्न गर्नका निम्ति नेपाल सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।रासस

## प्रतिनिधिसभाको बैठकः

# कार्यसूचीमा प्रवेश नगरी स्थगित



काठमाण्डु। प्रतिनिधिसभाको शुक्रबारको बैठक कार्यसूचीमा प्रवेश नगरी स्थगित भएको छ।

शुक्रबार बिहान ११ बजेका लागि तय भएको बैठक करिब डेढ घण्टा ढिलो गरी मात्र सुरु भएलगत्तै नेपाली कांग्रेसलगायतका प्रतिपक्षी दलले अवरोध गरेको थिए। सभामुख देवराज घिमिरेले प्रतिपक्षी दलको मागबमोजिम संसदीय छानिबन समितिको कार्यदलको बैठक जारी रहेको भन्दै बैठक सञ्चालन सहजीकरणका लागि आग्रह गर्नुभएको थियो।

"सांसदहरुले बोल्न पाउनुपर्छ भन्ने मागलाई सभामुखले बोल्न दिएन भनेर प्रचार गर्ने कुरा होइन, बोल्ने वातावरण कसरी बनाउने र बैठकलाई कसरी अगाडि बढाउने भन्ने कुरामा सत्तापक्ष र प्रतिपक्ष उत्तिकै जवाफदेही र जिम्मेवार छन्", उहाँले भन्नुभयो, "त्यो जिम्मेवारीका साथ अगाडि बढ्न सदस्यहरुलाई आसन ग्रहण गर्न आग्रह गर्दछु।"

तर प्रतिपक्षी दलले बैठकमा अवरोध जारी राखेपछि उहाँले शुक्रबारको बैठक कार्यसूचीमा प्रवेश नगरी स्थगित भएको घोषणा गर्नुभयो। सभामुख घिमिरेले प्रतिनिधिसभाको अर्को बैठक यही जेठ १३ गते विहान ११ बजे बस्ने गरी स्थगित भएको जानकारी दिनुभयो। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सभामुख घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने कार्यसूची थियो। त्यस्तै प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन गर्ने कार्यसूची पनि समावेश थियो।

शुक्रबारको बैठकमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले 'सुरक्षण मुद्रणसम्बन्धी विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८०' पेश गर्ने, सांसद प्रेम सुवालले 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' लाई अस्वीकार गरियोस् भन्ने सूचना प्रस्तुत गर्नुहुने कार्यसूची तय भएको थियो।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले 'लगानी सहजीकरणसम्बन्धी केही नेपालऐनलाईसंशोधनगर्नेअध्यादेश, २०८१ लाई स्वीकृत गरियोस' भनी प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूचीमा थियो।

साथै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले 'सङ्घीय निजामती सेवा विधेयक, २०८० लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस' भन्ने प्रस्ताव र उद्योगमन्त्री दामोदर भण्डारीले राष्ट्रियसभामा उत्पत्ति भएको 'विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस' भन्ने प्रस्ताव प्रस्तुत गर्ने तय भएको थियो।

त्यसैगरी, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले 'राष्ट्रपतिले २०८१ जेठ १ गते मङ्गलबार सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आव २०८१/८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस' भनी प्रस्ताव प्रस्तुत गर्नुहुने पनि कार्यसूची निर्धारण भएको थियो।

आगामी आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभा सदस्यहरुबाट प्राप्त संशोधनहरू प्रस्तुत हुने र प्रधानमन्त्री दाहालले उक्त छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुहुने विषय पनि कार्यसूचीमा थियो।नीति तथा कार्यक्रममा प्राप्त संशोधनहरु र राष्ट्रपतिले २०८१ जेठ १ गते मङ्गलबार सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आगामी आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूची पनि समावेश थियो।रासस

# नेपालको समृद्धिका लागि छिमेकीसँग राम्रो सम्बन्ध आवश्यकः डा भट्टराई



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थायी कमिटी सदस्य एवं परराष्ट्र मामिला विभाग प्रमुख डा राजन भट्टराईले छिमेकी मुलुकहरु भारत र चीनसँग राम्रो सम्बन्धले मात्रै 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय सङ्कल्प साकार बनाउन सकिने बताउनुभएको छ।

सो पार्टीको परराष्ट्र मामिला विभागले शुक्रबार आयोजना गरेको 'बदलिँदो परिवेशमा विदेश नीतिका मुद्धाहरु' विषयक छलफलमा प्रमुख डा भट्टराईले छिमेकी भारत र चीनसँग राम्रो सम्बन्ध स्थापित गर्न आर्थिक कुटनीतिमा केन्द्रित भएर निरन्तर संवाद गरिनुपर्नेमा जोड दिनुभयो।

उहाँले मुलुकमा वैदेशिक हस्तक्षेप रोक्न तथा कसैको प्रभाव र दबाबमा नपर्न कहिले कता त कहिले कता झुकाव राख्न नहुने उल्लेख गर्नुहुँदै वैदेशिक हस्तक्षेपलाई निर्मूल गर्दै नेपाललाई स्वतन्त्रतापूर्वक रूपमा हिँडाउनु पर्ने एमालेको नीति रहेको बताउनुभयो। उहाँले भार तसँगका असमान सन्धि असमान र असान्दर्भिक रहेकाले परिमार्जन गर्नुपर्नेमा पनि जोड दिनुभयो।

चीनसँग बीआरआई कार्यान्वयन गर्नुपर्ने र नेपालले अधिकतम् लाभ लिनुपर्ने पनि उहाँको भनाइ थियो। राष्ट्रियसभाका सदस्य डा अञ्जान शाक्यले बदलिँदो परिवेशमा एमालेको विदेश नीति सुस्पष्ट रहेको बताउनुभयो।रासस

# उपराष्ट्रपति यादवसँग इजरायलका राजदूत गोल्डबर्गरको भेट



काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूसँग नेपालका लागि इजरायलका राजदूत हानान गोडर गोल्डबर्गरले शिष्टाचार भेटवार्ता गर्नुभएको छ। उपराष्ट्रपतिको कार्यालयमा आज भएको भेटमा उहाँहरुबीच दुई पक्षीय सम्बन्ध, कृषि तथा श्रम क्षेत्रमा सहयोगलगायत आपसी हित र चासोका विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ।

सो अवसरमा उपराष्ट्रपति यादवले नेपाल र इजरायलबीच १ जुन १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएयता मित्रता, सद्भाव, समझदारी र सहयोगको सम्बन्ध रही आएको उल्लेख गर्नुभयो। "इजरायलले विभिन्न विषयमा छात्रवृत्ति, रोजगारी, कृषि तथा सहकारी क्षेत्रमा नेपाललाई गरेको सहयोग प्रशंसनीय छन्", उहाँले भन्नुभयो, "नेपाल-इजरायल सम्बन्ध आपसी सहयोग र सहकार्यको माध्यमबाट निरन्तर अघि बढ्ने विश्वास लिएको छु।" उहाँले द्विपक्षीय व्यापार अभिवृद्धिका लागि थप प्रयत्नशील हुन आवश्यक रहेको समेत बताउनुभयो।

उपराष्ट्रपति यादवले भन्नुभयो, "इजरायल सरकारले नेपाली युवाहरु (खासगरी महिला) लाई 'केयरगिभर' सेवा क्षेत्रमा रोजगारीका अवसर उपलब्ध गराएकामा धन्यवाद दिनुभएको थियो।" उहाँले बहुपक्षीय सम्बन्धको चर्चा गर्दै नेपाल मध्यपूर्वमा शान्ति, अमनचयन र स्थिरताको पक्षमा सधैँ रहिआएको बताउनुभयो।

इजरायलका राजदूत गोल्डबर्गरले नेपाल र इजरायलबीच विभिन्न क्षेत्रमा समानता रहेको उल्लेख गर्दै दुई देशको सम्बन्ध वर्षौंयता सुमधुर र प्रगाढ रहेको बताउनुभयो। "जहाँसम्म विपिन जोशीको रिहाइको विषय छ, त्यसका लागि इजरायल सरकार हरसम्भव प्रयासरत छ", उहाँले भन्नुभयो, "इजरायलबाट एउटा प्रतिनिधिमण्डल नेपाल आएर विपिनको घरमै गई परिवारलाई भेट्ने कार्यक्रम पनि छ।"रासस

# जनअपेक्षा विपरीतका गतिविधि क्षम्य हुँदैनः गृहमन्त्री



काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले जनअपेक्षा विपरीतका गतिविधि र प्रहरी सङ्गठनको हित प्रतिकूलका कार्य कहिल्यै क्षम्य नहुने बताउनुभएको छ। नेपाल प्रहरीको प्रहरी निरीक्षक आधारभूत तालिम १९१८२ औँ समूहको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले विधिको शासन र कानुनको सर्वोच्चतालाई शीरमा राखेर सरकारको नीति, तथा कार्यक्रम र योजनालाई अक्षरशः पालना गर्न निर्देशन दिनुभयो।

उपप्रधानमन्त्री लामिछानेले शान्ति सुरक्षा प्रवर्द्धन, अपराध नियन्त्रण र सार्वजनिक सेवा प्रवाहमा सङ्गठनको प्रतिबद्धता ख्याल गरेर नागरिकमैत्री सेवा दिन ध्यानाकर्षण गराउनुभयो। सङ्गठनको लामो इतिहासको जगेर्ना गर्ने नवप्रवेशी अधिकृतको काँधमा जिम्मेवारी रहेको उल्लेख गर्दै उहाँले आर्थिक तथा पदीय उन्नतिका लागि परिवारले दिने दबाब र प्रभावमा नपर्न निर्देशन दिनुभयो।

"प्रहरी कर्मचारीको वृत्ति विकासलाई न्याय सङ्गत र सेवासुविधालाई समयानुकूल बनाउन तथा सरुवा बढुवालाई स्वचालित प्रणालीमा लैजान गर्नुपर्ने नीतिगत सुधार र परिमार्जनमा सरकारले उच्च प्राथमिकता दिएको छ", उहाँले भन्नुभयो। सीमित स्रोत साधनमा असीमित काम गर्नुपर्ने परिस्थितिलाई मनन गरेर काम गर्न आग्रह गर्दै उपप्रधानमन्त्री लामिछानेले नीतिगत, कानूनी, व्यावसायिक र व्यवहारिक रुपमा प्राथमिकता निर्धारण गरी आवश्यक सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले तथ्यपरक तथा प्रमाणमुखी अनुसन्धानका लागि प्रविधिको प्रयोग विधिसम्मत, वैज्ञानिक र कार्यविधिगत प्रक्रियाको पालना गरी सङ्कलित तथ्यको विश्लेषण गर्दै मानवअधिकारको अन्तर ाष्ट्रिय मापदण्डलाई शिरोधार्य गरी कार्यक्षेत्रमाखटिननिर्देशनदिनुभयो। उहाँले लैङ्गिक संवेदनशीलताको मर्मलाई मनन् गर्दै विशेष जोखिमपूर्ण, सीमान्तकृत र पीडित वर्गको रक्षकका रुपमा प्रहरी सङ्गठन खरो रुपमा उत्रिनुपर्ने बताउनुभयो।

समारोहमा प्रशिक्षणमा विभिन्न विधामा सर्वोत्कृष्ट हुने प्रहरी निरीक्षक पवनकुमार परियार, सगुन खड्का, आयुष ढुङ्गाना र गोकुलकुमार धानुकलाई पुरस्कार प्रदान गरिएको थियो। सो अवसरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सुदीप गिरीले दीक्षित भई कार्यक्षेत्रमा जाने प्रहरी अधिकृतलाई सपथ ग्रहण गराउनुभएको थियो।रासस

# उपभोक्ता अदालत सरकारको विशेष प्राथमिकतामा : मन्त्री भण्डारी



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आगामी आर्थिक वर्षमा उपभोक्ता अदालत स्थापना सरकारको विशेष प्राथमिकतामा रहेको बताउनुभएको छ। नेकपा (एमाले)को उपभोक्ता हित संरक्षण तथा सुशासन विभागको शुक्रबार मन्त्रालयमा ध्यानाकर्षण पत्र बुझ्दै उहाँले सरकारको नीति तथा कार्यक्रममा पनि उपभोक्ता अदालतको विषय आइसकेको र बजेटसमेत सुनिश्चित भइसकेकाले आगामी आवमा स्थापना हुने बताउनुभयो।

मन्त्रालयबाट बजार अनुगमनलगायतका क्रियाकलाप भइरहेका भए पनि प्रभावकारी हुन नसकेको उल्लेख गर्दै मन्त्री भण्डारीले उपभोक्ता अदालत स्थापनापछि सहज र भरपर्दो हुनेमा जोड दिनुभयो। मन्त्रालय मातहत कुनै पनि दण्ड जरिवाना गर्दा रु तीन लाखभन्दा बढी लिन नपाइने प्रावधान रहेको उल्लेख गर्दै उहाँले उपभोक्ता अदालत स्थापना भएपछि गल्तीअनुसारको दण्ड तथा जरिवाना गर्न सकिने उल्लेख गर्नुभयो।

उपभोक्ता अदालत स्थापनाका लागि भवनको खोजी भइरहेको उल्लेख गर्दै मन्त्री भण्डारीले अदालतका लागि सरकारले आवश्यकपर्ने सबै किसिमका स्रोतसाधन उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो। सोही क्रममा उहाँले एलपी ग्यासमा उपभोक्ताले बेहोरिरहेको समस्याका विषयमा मन्त्रालयबाट नेपाल आयल निगमलाई पत्राचार गरिएको उहाँले गराउनुभयो। विभागका प्रमुख जितु गौतमको नेतृत्वको टोलीले मन्त्री भण्डारीलाई साधनस्रोत, प्रविधि र जनशक्ति तथा आवश्यक बजेटसहितको उपभोक्ता अदालतको तत्काल गठन गरी उपभोक्तालाई शीघ्र न्यायको प्रत्याभूति गर्नुपर्नेलगायतका माग राखेर १५ बुँदे ध्यानाकर्षण पत्र बुझाएको थियो।

श्रम र पुजी लगानी नगरी नाफा आर्जन गर्ने सबै प्रकारका वस्तु तथा सेवामा रहेका विचौलियाको अन्तःगरी उत्पादक वा पैठारीकर्तादेखि उपभोक्तासम्मको बजारको तहलाई उपभोक्तामैत्री हुनेगरी निर्धारण गर्न विभागको माग छ। ध्यानाकर्षणपत्रमा भनिएको छ, "ग्यास सिलिण्डर खरिद गर्दा उद्योगलाई बुझाएको धरौटी रकम र सोको ब्याजको सुरक्षा गरियोस्, उपभोक्ताले सिलिण्डर फिर्ता गर्दा धरौटी रकम र प्रचलित ब्याजसमेत फिर्ताको सुनिश्चितता गरियोस्।"

यस्तै विभागले मन्त्री भण्डारीसमक्ष मापदण्डविपरीत तौलका अवैधरुपमा आयात गरी प्रयोग गरिएका ग्यास सिलिण्डर जुनसुकै बखत पनि विष्फोट भई ठूलो जनधनको क्षति पुग्न जाने भएकाले यस्ता सिलिण्डरको सङ्ख्या यकीन गरेर जफत गरी नष्ट गर्न माग गर्दै यस्ता अवैध सिलिण्डर आयात तथा प्रयोग एवं नियमन सम्बन्धमा छानविन गरी दोषी माथि कारबाहीको माग राखेको छ।

वस्तु र सेवाको बिक्री, भ्रमपूर्ण विज्ञापन, मूल्य र नापतौलमा ठगी तथा स्वच्छ, प्रतिस्पर्धाविरुद्धका कार्यलाई विषयगतरुपमा प्रभावकारी अनुगमन गरी कडाइका साथ नियन्त्रण गर्न माग गरिएको छ। यस्तै विभागले नियामक निकायलाई जिम्मेवार बनाउन, उपभोक्ता हित संरक्षण तथा बजार सुशासनको प्रवर्द्धन गर्न अधिकार सम्पन्न उपभोक्ता संरक्षण आयोगको स्थापना गर्न मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको छ।रासस

# कार्यदलको बैठक फेरि बस्ने

काठमाण्डु । सहकारीको रकम अपचलनका सम्बन्धमा छानबिनका लागि गठन गर्न लागिएको संसदीय समितिको विषयमा सहमति जुटाउन शुक्रबार बसेको बैठकमा पनि मतैक्य हुन नसकेपनि पुनः बस्ने भएको छ।



कार्यदलको बैठकमा प्रमुख प्रतिपक्षी दल तुलनात्मक रुपमा लचक रहेको भएपनि थप छलफल जरुरी रहेको निष्कर्ष निकालिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विभिन्न विषयमा आज पनि छलफल भयो। उपप्रधानमन्त्री एवम् गृहमन्त्रीका विषयमा पनि थप छलफल आवश्यक देखियो। आज उहाँहरुले थप लचकता देखाउनुभएको छ।"

विगतमा उहाँहरुले ल्याएको प्रस्तावभन्दा नयाँ प्रस्ताव आएको जानकारी दिँदै उहाँले बैठक अन्त्य नभएको र केही समयपछि पुनः बैठक बस्ने बताउनुभयो। प्रमुख सचेतक बर्तौलाले सदनको बैठक नियमित रुपमा सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले कार्यदलको बैठक नटुङ्गिएको जानकारी दिँदै शुक्रबारै पुनः छलफल गरेर सहमति नै हुने बताउनुभयो। प्रमुख सचेतक बर्तौलाले सहकारीको रकम अपचलन भएकाको हकमा उल्लेख गर्ने तर व्यक्तिलाई नै दोषी देखाएर जाने कुरा गलत रहेको धारणा राख्नुभएको।

प्रमुख राजनीतिक दलले गठन गरेको कार्यदलमा सरकारको तर्फबाट कानून न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी र एमालेको तर्फबाट प्रमुख सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका सह-महामन्त्री एवं सांसद जीवन परियार र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनाल हुनुहुन्छ।रासस

# प्यालेस्टिनी प्राधिकरण वित्तीय सङ्कटको जोखिममा रहेको विश्व बैङ्कको भनाइ

**एएफपी**

वासिङ्टन । प्यालेस्टिनी प्राधिकरणले वित्तीय पतनको सम्भावनाको सामना गरिरहेको विश्व बैङ्कले जनाएको छ। गाजा युद्धको पृष्ठभूमिमा राजस्व स्रोतहरूको अभाव हुनुका साथै आर्थिक गतिविधिहरू खस्किरहेकाले यस्तो भएको बैङ्कले जनाएको छ।




प्यालेस्टिनी प्राधिकरणको वित्तीय अवस्था विगत तीन महिनामा नाटकीय रूपमा बिग्रिएकाले वित्तीय पतनको जोखिमलाई बढाएको बैङ्कले शुक्रबार जारी विज्ञप्तिमार्फत जानकारी गराएको हो। बैङ्कका अनुसार प्यालेस्टिनी प्राधिकरणलाई तिर्नुपर्ने निकासी राजस्व हस्तान्तरणमा कमी र आर्थिक गतिविधिमा ठूलो गिरावटका कारण राजस्व स्रोतहरूमा अत्यधिक कमी आएको छ ।

सन् २०२३ को अन्त्यमा ६८ करोड २० लाख अमेरिकी डलर रहेको कोष अन्तर आगामी महिनाहरूमा दोब्बर भई प्यालेष्टिनी प्राधिकरणको घाटा १.२ अर्ब डलर पुग्ने अनुमान गरिएको छ । प्यालेस्टिनी अर्थतन्त्र ६.५ देखि ९.६ प्रतिशतको बिचमा सङ्कुचित हुने अनुमान गरिएकोमा बैङ्कका दृष्टिकोणसमेत युद्ध लम्बिँदै जाँदा अनिश्चित बनेका छन् । बढ्दो विदेशी सहायता र सार्वजनिक कर्मचारी र आपूर्तिकर्ताको थप बक्यौता जम्मा गर्नु प्यालेस्टिनी प्राधिकरणका लागि उपलब्ध वित्तीय विकल्पहरू मात्र भएको बैङ्कले जनाएको छ।

दक्षिण इजरायलमा अक्टोबर ७ मा भएको प्यालेष्टिनी इस्लामिक समूह हमासको आक्रमणपछि गाजामा युद्ध सुरु भएको थियो । इजरायली अधिकारीहरूले उपलब्ध गराएको तथ्याङ्कअनुसार गाजामा हमासको आक्रमणमा परी एक हजार १७० भन्दा बढी मानिसहरूको मृत्यु भएको थियो । आक्रमणपछि हमासले २५२ जनालाई बन्धक बनाएका थिए, जसमध्ये १२४ जना गाजामा रहेका र तीमध्ये पनि ३७ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ।

यसैगरी हमासको नियन्त्रणमा रहेको गाजास्थित स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाफी आक्रमणले गाजामा कम्तीमा ३५ हजार ८०० मानिस मारिएकोमा अधिकांश महिला र बालबालिका छन् ।हमास र इजरायलबीचको लडाईँका कारण पछिल्लो समय इजरायलले १९६७ देखि कब्जा गरेको वेस्ट बैङ्कमा पनि हिंसा बढेको छ। वेस्ट वैङ्कमा प्यालेस्टिनी प्राधिकरणले सीमितरूपमा प्रशासनिक उपस्थिति रहेको छ । प्यालेस्टिनी अधिकारीहरूका अनुसार अक्टोबर ७ देखि कम्तिमा ५१८ जना प्यालेस्टिनीहरू इजरायली सेना वा वेस्ट बैङ्क क्षेत्रमा बसोबास गर्ने इजरायलीद्वारा मारिएका छन्।

उक्त अवधिमा प्यालेस्टिनी समूहले गरेका आक्रमणमा वेस्ट बैङ्कमा कम्तिमा १२ इजरायलीको ज्यान गएको छ ।बैङ्कका अनुसार सन् २०२३ अक्टोबरदेखि युद्धका कारण प्यालेस्टिनी अर्थतन्त्र आएको मन्दीपछि करिब पाँच लाख व्यक्तिले रोजगारी गुमाएका छन् ।यो अवधिमा गाजा क्षेत्र र वेस्ट बैङ्कमा बसोबास गर्ने क्रमशः दुई लाख र एक लाख ५० हजार मानिसहरूले रोजगारी गुमाएको अनुमान गरिएको छ । यसका कारण गरिबी बढेकाले हाल लगभग हरेक गाजावासी गरिबीमा बाँचिरहेको बैङ्कले उल्लेख गरेको छ।

# आक्रमणमा आइएसको संलग्नता रहेको रूसको स्वीकारोक्ति

**एएफपी**

मस्को। रूसले मार्चमा भएको मस्को कन्सर्ट हल आक्रमणमा इस्लामिक स्टेट (आईएस) को समन्वय रहेको पहिलो पटक बताएको छ। यो आक्रमण रूसमा दुई दशकमा भएको सबैभन्दा घातक आतङ्ककारी आक्रमण हो।

“अनुसन्धानको क्रममा आतङ्कवादीहरूले आक्रमणको तयारी, वित्तीय सहयोग र आक्रमणमा अफगानिस्तान र पाकिस्तानमा सक्रिय आइएस शाखा खोरासान प्रान्त (आइएस-के) का सदस्यहरूले इन्टरनेटमार्फत समन्वय गरेको पुष्टि भएको रूसी सङ्घीय सुरक्षा सेवा (एफएसबी) का प्रमुख अलेक्जान्डर बोर्तनिकोभको भनाइलाई उद्धृत गरी आरआईए नोभोस्ती समाचार एजेन्सीले जानकारी गराएको छ।

मार्च २२ मा भएको उक्त आक्रमणमा १४० भन्दा बढी मानिस मारिएका अनुसन्धान आइएसले गरिरहेको थियो। यसअघि मस्कोले बारम्बार युक्रेन र पश्चिमलाईआक्रमणमाजिम्मेवार रहेको आरोप लगाउदै आएको थियो। बोर्तनिकोभले शुक्रबार आक्रमणमा युक्रेनी संलग्नतालाई समावेश गर्दै भन्नुभयो, “आक्रमणपछिआतङ्ककारीहरूलाई युक्रेनी सीमातिर जान स्पष्ट निर्देशनहरू प्राप्त भएको र त्यहाँबाट उनीहरूलाई भगाउने व्यवस्था गरिएको थियो।”

युक्रेनले रूसको उक्त दावीको बारम्बार खण्डन गर्दै आएको छ। आक्रमणकारीहरूले भवनमा आगो लगाउनुअघि मस्कोको बाहिरी भागमा रहेको क्रोकस सिटी हल स्थलमा आक्रमण गरेका थिए। घटनासँग सम्बन्धित रहेको आशङ्कामा चार सन्दिग्ध आक्रमणकारीसहित एक दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको छ। उनीहरू सबै अफगानिस्तानको उत्तरी सीमामा रहेको पूर्व सोभियत सङ्घबाट भिन्न भएको ताजकिस्तानका नागरिक हुन्।

अमेरिकाले मार्चको सुरुमा रूसलाई सार्वजनिक रूपमा नै चरमपन्थीहरूले मस्कोमा ठूलो आक्रमण गर्ने योजना बनाइरहेको जानकारी घटनापूर्व नै दिएको थियो। अज्ञात अमेरिकी गुप्तचर अधिकारीहरूले घटनापश्चात अमेरिकी सञ्चारमाध्यममार्फत उनीहरूले मस्कोलाई आइएसले विशेष गरी क्रोकस सिटी हल आक्रमण गर्ने योजना बनाएको अग्रीम जानकारी गराएको बताएका थिए।

रूसले ती चेतावनीहरूलाई नजरअन्दाज गर्‍यो। आक्रमणको तीन दिन अघि राष्ट्रपति भ्लादिमिर पुटिनले वासिङ्टनलाई ‘ब्ल्याकमेल’ गरेको र रूसीहरूलाई ‘तर्साउने’ प्रयास गरेको आरोप लगाउनुभएको थियो।

# राष्ट्रिय कराते प्रतियोगिताको उपाधि खेलकुद प्रतिष्ठानलाई



खोटाङ । दिक्तेलमा बिहीबार सम्पन्न राष्ट्रिय कराते प्रतियोगिताको उपाधि नेपाल खेलकुद प्रतिष्ठानले हात पारेका छ।

‘प्रथम बृहत् खोटाङ-हलेसी खेलकुद, साहित्यिक, साङ्गीतिक तथा पर्यटन महोत्सव-२०८१’ अन्तर्गत भएको प्रतियोगितामा खेलकुद प्रतिष्ठानले आठ स्वर्ण, चार रजत र दुई कास्य पदकसहित रु एक लाख ११ हजार एकसय ११ राशिसहित उपाधि जितेको हो।

सातवटै प्रदेशका कराते खेलाडी सहभागी प्रतियोगितामा तीन स्वर्ण, दुई रजत र सात कास्य पदकसहित बागमती प्रदेश द्वितीय, दुई स्वर्ण, एक रजत र चार कास्य पदकसहित गण्डकी प्रदेश तृतीय तथा एक स्वर्ण, सात रजत र चार कास्य पदकसहित कोशी प्रदेश चौथो भएको छ। प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र चौथोले क्रमशः रु एक लाख ११ हजार एक सय ११, रु ५५ हजार पाँच सय ५५, रु ३३ हजार तीन सय ३३ र २२ हजार दुई सय २२ नगद पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगितामा महिलातर्फ सुदूरपश्चिम प्रदेशकी गरिमा मल्ल तथा पुरुषतर्फ आयोजक टोलीका रुरीहाङ दुमी राई घोषित भएका छन् । उहाँहरूलाई जनही रु २२ हजार दुई सय २२ प्रदान गरियो।

तीन दिनसम्म सञ्चालन भएको प्रतियोगितामा उत्कृष्ट व्यवस्थापनमा मधेस प्रदेश घोषित भएको छ। उत्कृष्ट व्यवस्थापन गर्ने मधेश प्रदेशलाई रु ११ हजार एक सय ११ नगद प्रदान गरिएको थियो। गत वैशाख ३१ गते सुरु भएको महोत्सवअन्तर्गत एथ्लेटिक्स, राष्ट्रिय कविता तथा राष्ट्रिय गायन प्रतियोगिता पनि आयोजना गरिएको थियो।

दिक्तेल बजारमा आयोजित बृहत् महोत्सवमा पर्याप्त आर्थिक गतिविधि भएका उद्योग वाणिज्य सङ्घ खोटाङका अध्यक्ष राजनप्रसाद आचार्यले बताउनुभएको छ । महोत्सवमा सहभागी हुन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी तथा साहित्यिक एवं साङ्गीतिककर्मी दिक्तेल बजारमा भेला भएका थिए।रासस

# न्यूजिल्याण्डबाट विश्वका १०० मुलुकमा पाउडर दूध निर्यात, चीन प्रमुख गन्तव्य

**सिन्हवा**

वेलिङ्गटन । सन् २०२२ को अप्रिलदेखि सन् २०२३ सम्मको एक बर्षको अवधिमा न्युजिल्याण्डबाट विश्वका १०० भन्दा बढी देशहरूमा पाउडर दूध निर्यात गरिएको न्युजिल्याण्डको तथ्याङ्क विभाग (स्टाट एनजेड) को तथ्याङ्कले देखाएको छ।



न्युजिल्याण्डको दूध पाउडर निर्यात मूल्य बढ्दै गए पनि सन् २०१४ देखि डेरी र गाईवस्तुको सर्‍या क्रमशः घट्दै गएको स्टाट्स एनजेडका अन्तर्राष्ट्रिय व्यापार प्रबन्धक अलास्डेयर एलेनल बताउनुभयो।न्युजिल्याण्डको पाउडर दूध निर्यातका लागि चीन प्रमुख गन्तव्यको रूपमा रहेको छ। यहाँबाट चीनतर्फ हुने पाउडर दूध निर्यातमा पछिल्लो समय गिरावट आएको भएपनि परिमाणको आधारमा अझै पनि दूधको निर्यात चीनमा नै धेरै रहेको पाइएको छ।

सन् २००८ को तुलनामा अप्रिलमा सकिएको न्यजिल्याण्डको आर्थिक बर्षको अन्त्यसम्मको एक बर्षको अवधिमा चीन पठाइएको पाउडर दूधको निर्यात मूल्यमा ९८७ प्रतिशत वृद्धि भएको थियो भने सोही अवधिमा मूल्यको परिमाणमा एक हजार चार प्रतिशतले वृद्धि भएको स्टाट एनजेडले उल्लेख गरेको छ। अप्रिलमा अन्त्य भएको न्युजिल्याण्डको पछिल्लो आर्थिक वर्षभरी ३० प्रतिशत पाउडर दूध चीन पठाइएको विभागका अन्तर्राष्ट्रिय व्यापार प्रबन्धक अलास्डेयर एलेनले बताउनुभयो।

सन् २००८ मा चीनसँग स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर भएपछि चीनमा निर्यात बढेको एलेनले बताउनुभयो । गत आर्थिक बर्षमा पाउडर दूध निर्यातको मूल्य ९.७ अर्ब न्युजिल्याण्ड डलर (५.९१ अर्ब अमेरिकी डलर) रहेको थियो। यो न्यूजिल्याण्डको निर्यातको कुल मूल्यको १४ प्रतिशत हो । पाउडर दूध न्युजिल्याण्डबाट सबैभन्दा ठूलो मात्रामा विदेश निर्यात हुने वस्तु रहेको स्टाट्स एनजेडको तथ्याङ्कले पुष्टि गरेको छ।

अप्रिलसम्मको एक बर्षको अवधिमा न्युजिल्याण्डको वार्षिक पाउडर दूध निर्यात औसतमा प्रति वर्ष १.८ किलोग्रामले वृद्धि भएको छ भने मूल्य १०९ प्रतिशत बढेको छ। त्यस्तै निर्यात दूधको मात्रामा ११२ प्रतिशतले वृद्धि भएको छ। स्टाट एनजेडको तथ्याङ्क अनुसार सन् २०२३ को अप्रिलसम्मको एक बर्षको अवधिमा न्युजिल्याण्डबाट विश्वका १०० भन्दा बढी देशहरूमा पाउडर दूध निर्यात गरिएको थियो । न्युजिल्याण्डको दूध पाउडर निर्यात मूल्य बढ्दै गए पनि सन् २०१४ देखि डेरी र गाईवस्तुको संख्या क्रमशः घट्दै गएको एलेनले बताउनुभयो।

# अर्मेनियाद्वारा अजरबैजानलाई चारवटा सीमावर्ती गाउँ फिर्ता

**एएफपी**

येरेभान । अर्मेनियाले दशकौं पहिले कब्जा गरेको बघानिस आयरम, असागी अस्किपारा, खेरिम्ली र घिजिलहाजिलीका चार सीमावर्ती गाउँहरू अजरबैजानलाई फिर्ता गरेको शुक्रबार दुवै देशले पुष्टि गरेका छन्।

यो ऐतिहासिक प्रतिद्वन्द्वीहरू बीचको सम्बन्ध सामान्यीकरणको एक महत्वपूर्ण कदम हो । अर्मेनियामा लामो विद्रोह निम्त्याएको यो कदमले रूस र पश्चिमी देशहरूको मध्यस्थतामा वर्षौंको निष्फल वार्तापछि व्यापक शान्ति सम्झौतामा पुग्ने दिशामा महत्वपूर्ण कदमको प्रतिनिधित्व गर्दछ।

दुई देशले नागोर्नो-काराबाखको विभाजित क्षेत्र नियन्त्रणका लागि सन् १९९० र सन् २०२० गरी दुईवटा युद्ध लडेका थिए ।अजरबैजानले गत वर्ष एकाएक आक्रमण गरी यो क्षेत्रलाई पुनः कब्जा गरेको थियो। आक्रमणपछि एक लाख भन्दा बढी स्थानीयहरु आर्मेनियातर्फ भाग्न बाध्य भएका थिए भने तीन दशकको अर्मेनियाली अलगाववादी शासनको अन्त्य भएको थियो।




अर्मेनियाको उच्च सुरक्षा अधिकारीले हालैको सीमा सीमाङ्कन सम्झौतालाई प्रतिबिम्बित गर्दै यस क्षेत्रमा खटिएका सीमा रक्षकहरु देशको पूर्वमा स्थानान्तरण गरिएको र गाउँहरूलाई अजरबैजानको नियन्त्रणमा दिएको शुक्रबार पुष्टि गरेका छन्। त्यसैगरी, अजरबैजानका उपप्रधानमन्त्री शाहिन मुस्तफायेभले आफ्नो देशको सीमा रक्षकहरूले चारवटा बस्तीहरूको नियन्त्रण लिएको छुट्टै घोषणा गर्नुभयो।

अर्मेनियाका प्रधानमन्त्री निकोल पसिन्यानले मार्चमा स्थायी शान्ति सम्झौता सुरक्षित गर्ने प्रयासको एक हिस्साको रूपमा सन् १९९० को दशकमा कब्जा गरिएका चार गाउँहरू फिर्ता गर्न सहमत हुनुभएको थियो। दुई देशहरूबीच यस महिनाको सुरुमा उनीहरूको सिमानाको १२.७ किलोमिटर (लगभग सात माइल) को नयाँ सीमाङ्कनमा सहमति भएको थियो । सोही अनुसार बघानिस आयरम, असागी अस्किपारा, खेरिम्ली र घिजिलहाजिली गाउँहरू अजरबैजानलाई फिर्ता गरिएको हो।

पसिन्यानले यो सम्झौतालाई अर्मेनियाको सार्वभौमसत्ताका लागि धेरै महत्त्वपूर्ण र यसले देशको सुरक्षा र स्थिरतालाई प्रोत्साहन गर्ने अपेक्षा व्यक्त गर्नुभएको छ। येरेभानले सुम्पिएको क्षेत्रको भुपरिवेष्ठिक देश अर्मेनियाका लागि रणनीतिक महत्व रहेको छ किनभने यसले जर्जियाको महत्वपूर्ण राजमार्गलाई जोड्छ।

अर्मेनियाली बासिन्दाले भने पसिन्यानको यस कदमले उनीहरूलाई देशको बाँकी भागबाट अलग गर्न सक्ने भय व्यक्त गर्दछन् । अर्मेनियाले आगामी केही महिनामा यस क्षेत्रमा नयाँ सडक निर्माण गर्ने पसिन्यानले बताउनुभएको छ। प्रधानमन्त्री पसिन्यानको उक्त निर्णयले उहाँको राजिनामा माग गर्दै करिश्माई धर्मगुरु बग्रात गलस्तान्यानको नेतृत्वमा हजारौं प्रदर्शनकारीहरूको साथमा अर्मेनियामा सरकार विरोधी प्रदर्शनको सुरु भएको छ।

अर्मेनियाको राष्ट्रिय सुरक्षा सेवाले शुक्रबार अर्मेनियाली गाउँ किरान्ट्स नजिकैको सिमानाको ५.८ किलोमिटर क्षेत्रलाई ‘जुलाई २४ सम्म संक्रमणकालीन योजना अनुसार’ सुरक्षा गरिने बताएको छ। किरान्ट्स गाउँका मेयरले नयाँ सडक निर्माण नभएसम्म अजरबैजानको नियन्त्रणमा हस्तान्तरण गरिने सडकको एउटा भाग प्रयोग गर्न स्थानीयहरूलाई अनुमति दिइने बताउनुभएको छ।

# अप्रिलमा जापानको मुद्रास्फीतिमा सामान्य कमी

**एएफपी**

टोकियो । ग्यासको मूल्यमा गिरावट आएपछि अप्रिलमा जापानी मुद्रास्फितिको गति सुस्त भएको सरकारी तथ्याङ्कले शुक्रबार देखाएको छ ।अस्थिर ताजा खाद्यसामग्रीको मूल्यबाहेक उपभोक्ता मूल्य सूचकाङ्क २.२ प्रतिशतमा आएको छ । जापानको आन्तरिक मामिला मन्त्रालयले मार्चमा उक्त दर २.६ प्रतिशत मापन गरेको थियो।



यो आँकडा बजारको अपेक्षा अनुरूप थियो र कमजोर येनले आयातित वस्तुको लागि मूल्य वृद्धि गर्दा पनि आउँछ।ब्लुमबर्ग इकोनोमिक्सका तारो किमुराले भन्नुभयो, “यो आँकडाले उपभोक्ताको सुस्त मागको प्रतिक्रियामा कम्पनीहरूले मूल्य वृद्धिलाई नियन्त्रण गर्ने कदमलाई प्रतिबिम्बित गर्दछ।"“तर खूद मापन अझै पनि बैङ्क अफ जापानको दुई प्रतिशतको लक्ष्यभन्दा माथि छ र पछिल्लो तथ्याङ्कले केन्द्रीय बैंकलाई नीति सामान्यीकरण गर्नबाट रोक्ने सम्भावना छैन,” विज्ञप्तिमा भनिएको छ।

संयुक्त राज्य अमेरिका र अन्य प्रमुख अर्थव्यवस्थाहरूले हालैका वर्षहरूमा आकाशिएको मुद्रास्फीतिको सामना गरेपनि जापानमा मूल्य वृद्धि न्यून देखिएको छ । बैंक अफ जापानको लामो समयदेखिको अति निस्क्रिय मौद्रिक नीतिहरू विश्वको चौथो अर्थव्यवस्थाका रूपमा चिनिने जापानबाट स्थिरता र अपस्फीतिलाई हटाउनको लागि अपनाइएको कदम थियो।

यसले युक्रेन रूसले थालेको युद्धजस्ता अस्थिर, अस्थायी कारकहरूको कारण मुद्रास्फीतिको विपरीत, दुई प्रतिशतको दिगो मागद्वारा परिचालित मुद्रास्फीतिलाई लक्षित गरिरहेको छ ।किमुराले भन्नुभयो, “केन्द्रीय बैङ्क एक सदाचारी श्रममूल्य चक्रले भविष्यमा मुद्रास्फीतिलाई बढावा दिनेछ । ज्यालामा वृद्धिले बैङ्कका अधिकारीहरूले माग गरेको दिगो मुद्रास्फीतिलाई साकार पार्न मद्दत पुर्‍याउँछ।

उहाँले भन्नुभयो, “उपयोगिता शुल्कमा अपेक्षित वृद्धिले आगामी महिनाहरूमा मुद्रास्फीतिको आँकडालाई पनि बढाउनेछ, जुलाई र अक्टोबरमा बैङ्कले दर वृद्धिको लागि राम्रो अवस्था प्राप्त गर्नेछ।” कमजोर येन जापानी निर्यातक र विदेशी आगन्तुकहरूको लागि राम्रो देखिएको छ, तर यसले बाह्य पर्यटकहरूको लागि आयात र विदेशी यात्रालाई अधिक महँगो बनाउँनेछ ।ताजा खाना र ऊर्जा दुवैलाई अलग गर्दै, मूल्यहरू मार्चको २.९ प्रतिशतबाट तल झरी अप्रिलमा २.४ प्रतिशत कायम भएको छ।

# सिङ्गापुरका पूर्व प्रधानमन्त्री लीका भाइलाई दुई लाख ९६ हजार डलर जरिवाना

**एएफपी**

सिङ्गापुर । सिङ्गापुरको अदालतले शुक्रबार पूर्व प्रधानमन्त्री ली सिएन लुङका भाइलाई दुई शीर्ष मन्त्रीप्रतिको अपमानजनक अभिव्यक्ती दिएको भन्दै क्षतिपूर्तिका रूपमा दुई लाख ९६ हजार डलर जरिवाना तिर्न आदेश दिएको छ।

ली सिएन याङले दिएको मानहानीसम्बन्धी फेसबुक अभिव्यक्ती विदेश मामिला र कानून मन्त्रीहरूद्वारा भाडामा लगाइएको उपनिवेशकालको विशाल बङ्गलाहरूको विवादसँग सम्बन्धित छ। उक्त विषयमा गरिएको दुई अनुसन्धानले मन्त्रीहरूले उक्त बिषयमा कुनै गल्ती नगरेको ठहर गरिएको थियो । आफ्नो दाजु तथा सिङ्गापुरका तत्कालीन प्रधानमन्त्री लीको सरकारले राजनीतिक उत्पीडन गरेको दाबी गर्दै ६६ वर्षीय ली दुई वर्षअघि सिङ्गापुरबाट भागेर विदेशमा बस्दै आउनुभएको छ ।सिङ्गापुर सहरको बाहिरी क्षेत्रमा अवस्थित प्रमुख सम्पत्तिहरूको बारेमा उहाँले लगाएको आरोपले राज्यमा आक्रोश निम्त्याएको थियो।

उच्च अदालतका न्यायाधीश गोह यिहानले शुक्रबार क्षतिपूर्तिको रकम घोषणा गर्दै भन्नुभयो, “उहाँको अपमानजनक अभिव्यक्ति गलत छ भन्ने प्रतिवादीलाई थाहा थियो तर उहाँले साँचो वा झुटो के हो विचार नगरी लापरवाहीपूर्वक आफ्नो अभिव्यक्ती सार्वजनिक गर्नुभयो ।”लीलाई दुई राजनीतिज्ञहरू-विदेशमन्त्री भिभियन बालाकृष्णन र गृह मामिला तथा कानुनमन्त्री के. शानमुगम प्रत्येकलाई दुई लाख सिङ्गापुर डलर (एक लाख ४८ हजार अमेरिकी डलर) क्षतिपूर्तिका रूपमा तिर्न न्यायाधीश गोहले आदेश दिनुभएको हो।

मन्त्रीहरूले उहाँलाई मानहानिको लागि छुट्टै मुद्दा हाल्नुभएको थियो र ली सिङ्गापुरमा नभएका कारण मुद्दाहरूको बारेमा अदालतको सूचना फेसबुक मेसेन्जर मार्फत दिइएको थियो।

# भियतनाममा अपार्टमेन्टमा आगलागी हुँदा १४ को मृत्यु, ६ घाइते

**एपी**

हनोई । भियतनामको राजधानी हनोईमा साँघुरो गल्लीमा रहेको एउटा अपार्टमेन्टमा राति भएको आगलागीमा १४ जनाको मृत्यु र अन्य छ जना घाइते भएको सरकारी सञ्चारमाध्यमले शुक्रबार बताएको छ।

मध्य हनोईमा रहेको अपार्टमेन्ट भवनसम्म मात्र दुई मिटर (छ फिट पाँच इन्च) चौडा गल्लीमार्फत पुग्न सकिन्थ्यो। यसबाट दमकल त्यहाँ पुग्न नसकेपछि अग्निनियन्त्रकहरूले पाइपमार्फत आगो निभाएको सरकारी सञ्चारमाध्यमले बताएको छ । भियतनाम समाचार एजेन्सीका अनुसार राति करिब १२:३० मा आगो लागेको थियो र धेरै विस्फोटको आवाज पनि सुनिएको थियो । आगो निभाउन एक घन्टा लागेको थियो । छिमेकी गुयेन थान टुङले आफू सुतिरहेका बेला विस्फोटको आवाज सुनेको र हेर्न बाहिर निस्केको बताउनुभयो । “मैले घरमा झटका महसुस गर्न सक्थेँ”, उहाँले भन्नुभयो।

आगलागीको समयमा उक्त भवनमा घर मालिकका परिवारका सात र अन्य १७ जना भाडामा बस्ने गरी २४ जना रहेको सञ्चारमाध्यमले बताएको छ। घाइतेको अवस्था स्थिर रहेको र उनीहरूको हनोई ट्रान्सपोर्ट अस्पतालमा उपचार भइरहेको छ । सरकारी सञ्चारमाध्यमका अनुसार विद्युतीय बाइकको बिक्री र मरम्मत गर्नका लागि ग्यारेजका रूपम प्रयोग गरिएको भवन नजिकैको सानो आँगनमा आगो लागेको थियो।

पछि प्रहरीले गल्लीलाई घेरा हालेको थियो। अपार्टमेन्टमा जलेका मोटरसाइकलहरू र रुखहरू जलेका अवशेष तथा छरिएका सामानहरू थिए । मृतकका परिवारलाई क्षतिपूर्तिस्वरूप एक हजार नौ सय ६२ डलर र घाइतेलाई एक हजार एक सय ७७ डलर दिने अधिकारीहरूले बताएका छन् । यो आगलागीले गत वर्ष सेप्टेम्बरमा हनोइमा भएको आगलागीलाई सम्झना गराउँछ। उक्त समयमा ५० भन्दा धेरै व्यक्तिको मृत्यु भएको थियो । सो बेला पनि उद्धार कार्यमा साँघुरो गल्लीले अवरोध पुर्‍याएको थियो।

# आवेदन दिने सबैलाई सीप सिकाउँदै कामपा




काठमाण्डु । गत वैशाख १९ गतेदेखि काठमाडौं महानगरपालिकालेआयोजनागरेको सीप मेलामा आवश्यकभन्दा बढी आवेदन परेपछि विद्यालय र क्याम्पससँगको सहकार्यमा तालिम उपलब्ध गराउने भएको छ।

कामपाले २०८१ को शुभारम्भसँगै दुई हजार ८१ जनालाई सीपमूलक तालिम दिएर 'स्वरोजगार', 'रोजगार' र 'अन द जब ट्रेनिङ' उपलब्ध गराउने लक्ष्य लिएको थियो । तोकिएको संख्याभन्दा बढी आवेदन परेपछि शैक्षिक संस्थासँग सहकार्य गरेर तालिम उपलब्ध गराउने योजना रहेको कामपाले जनाएको छ ।कामपा सामाजिक विकास विभाग निमित्त प्रमुख विमला कोइरालाले भन्नुभयो, "६० हजार बढीले आवेदन दिनुभएको । अवेदन परेकामध्येबाट छनोट गरेर वा कागजात पूरा भएका नागरिकलाई कामपाले भनेअनुसारको तालिम उपलब्ध गराउँछौं ।" उहाँका अनुसार महानगरले आवश्यकता आधारमा क्याम्पस र विद्यालयसँग सम्झौता गरिसकेको छ।

फाराम भरेकामध्येबाट दुई हजार ८१ जनालाई तत्काल तालिम दिने र अन्यलाई आवश्यकताका आधारमा आगामी तीन वर्षभित्र तालिम दिइने कोइरालाले जानकारी दिनुभयो । कामपाको गौरव योजनाअन्तर्गत 'रोजगारी र आयमा वृद्धि, काठमाडौंको समृद्धि' अन्तर्गत सीप मेला सुरु गरेको हो । मेलाका लागि महानगरले नेपाल तालिम तथा रोजगारी व्यवसायी महासङ्घसँग सहकार्य गरेको जनाएको छ।

मेलाबाट १० क्षेत्रका ३६ पेसासम्बन्धी तालिम दिने लक्ष्य राखिएको विभाग निमित्त प्रमुख कोइरालाले बताउनुभयो । उहाँका अनुसार मेलाले छरिएर रहेका सीपलाई एकीकृत गर्ने, सीप भएका व्यक्तिलाई रोजगारदाताको पहुँचमा पुऱ्याउन मद्दत गर्ने छ।

कोइरालाका अनुसार गत वैशाख १९ गते सुरु भएको 'सीप मेला' अन्तर्गत १५ दिन अवधिका पहिलो चरणका तालिम सकिएका छन् । अहिले ती कक्षाहरु दोस्रो चरणमा सञ्चालन भइरहेका छन्। "पहिलो चरणमा एक हजार पाँच सय ७७ जनाका लागि तालिमको कोटा थियो", उहाँले भन्नुभयो, "यसमध्ये एक हजार पाँच सय पाँच जना तालिममा सहभागी हुनुभएको छ । यही जेठ ६ गतेदेखि १५ दिन अवधिका दोस्रो चरणका कक्षा सुरु भएका छन् ।"

कोइरालाका अनुसार १० क्षेत्रका ३० पेसासँग सम्बन्धित सीप तालिममा समावेश गरिएका छन् । अटो इलेक्ट्रिक, इलेक्ट्रिक कार (इभी), डकर्मी, टाइल एण्ड मार्बल फिटिङ, इलेक्ट्रिसियन, प्लम्बिङ, रेफ्रिजेरेसन एण्ड एसी टेक्निसियन र आर्ट एण्ड स्कप्चर ३० दिन अवधिका हुन् । नेपाल तालिम तथा रोजगार व्यवसायी महासङ्घ, नेपाल चेबर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासङ्घलगायत विभिन्न निजी क्षेत्रहरुले सीपमेलाबाट उत्पादन भएका जनशक्तिलाई कामको प्रकृति हेरेर रोजगार दिने जनाएका छन् ।रासस

# मकवानपुरमा तीन सय ७४ साना उद्योग बन्द

बागमती । आर्थिक मन्दीका कारण मकवानपुरमा चालु आर्थिक वर्षको १० महिनामा तीन सय ७४ वटा साना उद्योग बन्द भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका अनुसार यस अवधिमा उद्योगतर्फ एक सय ६७ र वाणिज्यतर्फका दुई सय सात उद्योगको लगत कट्टा भएको छ। अघिल्लो आव २०७९/८० मा मकवानपुरमा उद्योग र वाणिज्यका दुई सय ८३ वटा उद्योगको लगत कट्टा गरिएको थियो ।बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभावलगायत कारणले उद्योगको लगत कट्टा हुने संख्या बढेको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख रामप्रसाद भुसालले बताउनुभयो।

घरेलु तथा साना उद्योग कार्यालयमा चालु आवको १० महिनामा उद्योगतर्फ तीन सय २३ र वाणिज्यतर्फ दुई ९१ गरी छ सय १४ नयाँ उद्योग दर्ता भएको छन् । आव २०७९/८९ मा उद्योगतर्फ पाँच सय ७९ र वाणिज्यतर्फ चार सय ३० गरी एक हजार नौ उद्योग दर्ता भएको थिए ।चालु आवमा उद्योगतर्फ ३३ वटा उद्योगको नामसारी, २४ वटा ठाउँसारी, नौ सय ३४ वटा नवीकरण, चार सय ५१ वटाको पुँजी वृद्धि, ६७ वटाको प्रतिलिपि, एक सय ६७ वटाको लगत कट्टा तथा २८ वटाको उद्देश्य थप गरिएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ।

उक्त अवधिमा वाणिज्यतर्फ १६ वटाको नामसारी, २५ वटाको ठाउँसारी, सात सय ७७ वटाको पूँजी वृद्धि, एक हजार दुई सय १४ उद्योगको नवीकरण, दुई सय सातवटाको लगत कट्टा तथा ४१ उद्योगको उद्देश्य थप गरिएको प्रमुख भुसालले भन्नुभयो। नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, लगत कट्टालगायत शीर्षकबाट यस अवधिमा रु दुई करोड ६३ लाख २२ हजार तीन सय ५२ राजस्व सङ्कलन भएको प्रमुख भुसालले बताउनुभयो ।रासस

# मूल्य वृद्धिले उद्योग बन्द हुने अवस्थामा पुगेको भन्दै महासंघद्वारा ध्यानाकर्षण



काठमाण्डु । ग्रिल तथा स्टिल व्यवसायी महासङ्घ नेपालले ग्रिलजन्य फलाम र निर्माण सामग्रीको उच्च मूल्य वृद्धिले सम्पूर्ण ग्रिल उद्योग बन्द हुने अवस्थामा पुगेको जनाएको छ।

महासङ्घले शुक्रबार विज्ञप्ति जारी गरी अन्तर्राष्ट्रिय बजारमा फलामको कच्चापदार्थ 'ब्लेड'को मूल्यमा वृद्धि नभए पनि नेपाली बजारमा मूल्य बढाइएको भन्दै महासङ्घले आपत्ति जनाएको हो ।देशभर सञ्चालित ११ हजारभन्दा बढी ग्रिल उद्योगमा कार्यरत करिब एक लाख ६० हजार श्रमिक र तिनमा आश्रित १५ लाख व्यक्तिको रोजगारी गुम्ने अवस्था आएकाले अस्वाभाविक मूल्य वृद्धिको अनुगमन गरी उचित कारबाही गर्ने व्यवस्था मिलाउन महासङ्घले सरोकारवाला निकायको ध्यानाकर्षणसमेत गराएको छ।

"यस्तो संवेदनशील विषयमा सरकारको ध्यानाकर्षण नभए सम्पूर्ण उद्योगी व्यवसायीले सम्बन्धित प्रमुख जिल्ला अधिकारीमार्फतउद्योगव्यवसायको साँचो सरकारलाई बुझाएर व्यवसाय बन्द गर्नुको विकल्प छैन", हासङ्घका अध्यक्ष ठूलोबाबु श्रेष्ठद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ,"अस्वाभाविक मूल्य तुरुन्त फिर्ता गरेर सहज वातावरण नबनाए सङ्घर्ष गर्न बाध्य हुने अवस्था आउँछ।"

वार्षिक ५० अर्बभन्दा बढीको ग्रिलजन्य सामग्रीहरुको उत्पादन गर्दै आएका व्यवसायीको अहित हुनेगरी ठूला कम्पनीहरुले मनोमानी गरेको पनि महासङ्घको आरोप छ । विश्वव्यापी कोभिड-१९ तथा आर्थिक मन्दीको प्रभावका कारण बन्द भई मारमा परेका उद्योगहरु बिस्तारै सञ्चालनमा आउन नपाउँदै पटक पटक ग्रिलजन्य फलाम र निर्माण सामग्रीको मूल्य वृद्धिले सम्पूर्ण ग्रिल उद्योग बन्द हुने अवस्थामा पुगेको अवस्थाप्रति महासङ्घले चिन्ता व्यक्त गरेको छ ।रासस

# नवलपरासीपूर्वमा आलु उत्पादनमा वृद्धि

मध्यविन्दु। नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा आलुखेती गरिने क्षेत्र र उत्पादन बर्सेनि बढ्दै गएको छ। कृषि ज्ञान केन्द्रसँगै स्थानीय पालिकाले आलुखेती प्रवर्द्धनअन्तर्गत अनुदान कार्यक्रम सञ्चालन गर्न थालेपछि आलुखेतीतर्फ किसान आकर्षित भएका छन्।



जिल्लामा यस आर्थिक वर्षमा तीन हजार दुई सय पाँच हेक्टर क्षेत्रफलमा आलुखेती भएको कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताउनुभयो । यस वर्ष ५८ हजार चार सय १३ मेट्रिक टन आलु उत्पादन भएको छ ।"गत आव तीन हजार एक सय ७५ हेक्टरमा आलुखेती भएकामा यस वर्ष ३० हेक्टर जमिनमा थप विस्तार भएको छ", उहाँले भन्नुभयो, "गत वर्ष जिल्लामा ५७ हजार तीन सय ५४ मेट्रिक टन आलु उत्पादन भएको थियो, गत वर्षभन्दा यस वर्ष उत्पादन एक हजार ५९ मेट्रिक टनले बढेको छ।"

जिल्लामा व्यावसायिक आलुखेती गर्ने किसानको सङ्ख्या प्रत्येक वर्ष बढेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा देखिएको छ । पछिल्लो चार वर्षको आलुखेती गरिने क्षेत्रफल र उत्पादन हेर्दा प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिएको छ । जिल्लामा आव २०७८/७९ मा तीन हजार एक सय १५ हेक्टर क्षेत्रफलमा आलुखेती गरिँदा ५० हजार एक सय ५२ मेट्रिक टन उत्पादन भएको थियो । आव २०७७/७८ मा तीन हजार एक सय १० हेक्टर क्षेत्रफलमा ५२ हजार नौ सय ९० मेट्रिक टन उत्पादन भएको थियो।

"आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ", सूचना अधिकारी काफ्लेले भन्नुभयो, "सरकारी तहबाट लगानी वृद्धि हुँदा किसान आलुखेतीतर्फ आकर्षित भएका छन्।"जिल्लाको मध्यविन्दु, कावासोती नगरपालिका र हुप्सेकोट गाउँपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ। सो क्षेत्रमा व्यावसायिक रूपमा आलु उत्पादन गर्ने कृषक र कृषि समूहको सङ्ख्या उल्लेख्य रहेको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । किसानले उत्पादन गरेको आलु स्थानीय बजारका साथै बुटवल, नारायणगढ र काठमाडौंलगायतका बजारमा जाने गरेको छ ।रासस

# सिटिजन्स बैंकको संचालकमा ईला शर्मा नियुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको संचालकमा ईला शर्मा नियुक्त भएकी छन् । ईला शर्मा लाई अध्यक्ष प्रबल जंग पाण्डेले पद तथा गोपनियताको सपथ ग्रहण गराएका छन्।




कानुनमा विशेष अनुभव सँगालेकी शर्मा पूर्व निर्वाचन आयुक्त छिन् । उनले त्रिभुवन विश्वविद्यालयबाट पब्लिक इन्टरनेसनल ल एन्ड ह्यूमन राइट्समा एलएलएम गरेकी छन् साथै युनिभर्सिटी अफ हल युकेबाट पनि इन्टरनेसनल विजनेस ल,इन्टरनेसनल ट्रेड एन्ड डिभेलपमेन्टमा एलएलएम गरेकी छन् । उनीसँग अन्तराष्ट्रिय व्यापार, कानून, जनसम्पर्क, शिक्षा र विकास लगायत क्षेत्रमा साढे ३ दशक काम गरेको अनुभव छ । निर्वाचन सम्बन्धी कानुन, नियमावली र निर्देशनमा संलग्न उनी उच्चस्तरीय कानूनी मस्यौदा तथा राजनीतिक सम्बन्ध समितिको अध्यक्ष समेत रही सकेकी छन् । उनले काठमाडौं विश्वविद्यालय लगायत विदेशी विश्वविद्यालयको पाठ्यक्रम विकास र अध्यापनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । उद्योग तथा वाणिज्य मन्त्रालय र यूएनडीपी परियोजनाकालागि राष्ट्रिय परामर्शदाताको रूपमा समेत काम गरेकी शर्मा विभिन्न आईएनजीओमा समेत संलग्न छिन्।

उनले फूड फर्स्ट इन्फर्मेशन एक्शन नेटवर्क नेपालको कार्यकारी समितिमा संस्थापक उपाध्यक्ष र साउथ एसियन वुमन इन मिडियाको कार्यकारी समितिका साथै साउथ एशिया वाच अन ट्रेड, इकोनमिक्स एन्ड इनभारोमेन्टको कार्यकारी समितिको बोर्डमापनिकामगरिसकेकाछन्।उनले आइआइएलएमा विश्वविद्यालय गुढगाँव भारतमा एक प्राध्यापकको रूपमा ल एन्ड जस्टिस, क्रस बोर्डर आरबिट्रेसन एन्ड इनभेष्टमेन्ट ल र इन्टरनेसनल ह्यूमन राइट्स अध्यापन गराँउदै आएकी छन्। उनी यसअघिनै एक प्रतिष्ठित वाणिज्य बैंकको संचालक रही सकेकी छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ४० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदानगर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# कञ्चनपुरमा तीन प्रतिशत गहुँ उत्पादनमा वृद्धि



महेन्द्रनगर। नौ पालिका रहेको कञ्चनपुरमा यो वर्ष गहुँ उत्पादन तीन प्रतिशतले वृद्धि भएको छ। कृषि ज्ञान केन्द्र महेन्द्रनगरले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०८०/८१ मा एक लाख एक सय ८४ मेट्रिकटन गहुँ उत्पादन भएको जनाएको छ।

केन्द्रका सूचना अधिकृत हरिदत्त जोशीले यहाँ ३१ हजार दुई सय १० हेक्टर क्षेत्रफलमा गहुँखेती हँदै आएको बताउनुभयो । "यहाँ दुई दशमलव २१ प्रतिहेक्टर गहुँ उत्पादकत्व रहेको छ", उहाँले भन्नुभयो, "गत वर्षभन्दा तीन प्रतिशतले उत्पादन बढेको छ।"

जोशीका अनुसार गत वर्ष कञ्चनपुरमा ९७ हजार तीन सय ७५ मेट्रिक टन गहुँ उत्पादन भएको थियो। यहाँ ५९ हजार छ सय दुई हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेको बताउँदै उहाँले यहाँ ५६ हजार ६०२ हेक्टरमा मात्रै खेती गरिँदै आएको जानकारी दिनुभयो । "कञ्चनपुरमा अझै कुल जनसंख्याको ७२.६३ प्रतिशत नागरिक कृषिमा निर्भर छन्", सुचना अधिकृत जोशीले भन्नुभयो, "अझै सबैतिर सिँचाइ सुविधा पुग्न सकेको छैन। सिँचाइ सुविधाको पहुँच विस्तार गर्न सके उत्पादनमा पनि वृद्धि हुने थियो।" उहाँले हालसम्म ४० हजार ७२५ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा पुगेको जानकारी दिनुभयो।

यहाँ निर्माणाधीन महाकाली सिँचाइ तेस्रो चरण आयोजना सम्पन्न भए कञ्चनपुरसँगै कैलालीको मालाखेतीसम्म गरी ३३ हजार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुग्ने छ । सुदूरपश्चिमका सात पहाडी जिल्लाका लागि कञ्चनपुर र कैलाली अन्न भण्डार मान्छिन् ।रासस

# बबई सिँचाइको मुआब्जा बाँड्ने तयारीमा आयोजना

गुलरिया । नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना बबई सिँचाइले पश्चिमी मूल नहर प्रणालीअन्तर्गत गुलरिया खण्डलगायत आसपासका सोनापुर, नारायणटोल, सुहेलवा शाखा नहर निर्माण तथा विस्तारका लागि आवश्यकपर्ने जग्गाको मुआब्जा रकम वितरणको सुरुआत गरेको छ । आवश्यक जग्गा अधिग्रहणका लागि गत वर्ष सूचना जारी गरेको आयोजनाले मुआब्जा वितरणका लागि किसानका आवेदन सङ्कलन गर्दैछ ।जग्गा प्राप्ति ऐन २०३४ को दफा १३ (२) बमोजिमको मुआब्जा निर्धारण समितिको बैठकले कायम गरेको मुआब्जा दरअनुसार रकम उपलब्ध गराइने बबई सिँचाइ आयोजनाका निर्देशक सुशीलचन्द्र देवकोटाले बताउनुभयो।



"मुआब्जाका लागि जग्गाधनी प्रमाणपत्र तथा नेपाली नागरिकताको प्रमाणपत्र, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद लिइ जग्गाधनी स्वयं वा अदालतबाट प्रमाणित अधिकृत वारेशनामा पत्रसहित आउनुपर्छ, हामीले सूचना जारी गरिसकेका छौँ", उहाँले भन्नुभयो, "जग्गा धनी वा वारेश लिएको व्यक्ति उपस्थित भई आयोजनाका नाममा जग्गा दाखिला गरेपछि मुआब्जा रकम उपलब्ध हुन्छ, जग्गामा भएका बोट बिरुवा तथा घरगोठ टहरालगायतका संरचनाको क्षतिपूर्ति नहर निर्माणको काम हुँदाका बखत तत्काल नापजाँच एवं सर्जमिन मुचुल्का गराइ यकीन भएपछि मात्र उपलब्ध गराउँछौं ।"गुलरिया नगरपालिका-१, २ र ३ को लागि वडा नं १ को वडा कार्यालयमा आयोजनाका कर्मचारीबाट सहायता कक्ष राखी सेवा सञ्चालन गरिएको छ। मुआब्जाका लागि सडकसँग जोडिएको र खेतीयोग्य जमिन वर्गीकरण गरी रकम मूल्याङ्कन गरिएको उहाँको भनाइ छ।

मुआब्जाका लागि आवश्यक कूल रु २८ करोडमध्ये यस वर्ष रु तीन करोड वितरण गर्ने र अपुग रकम अर्को वर्ष भुक्तानी गर्ने आयोजनाको तयारी छ । अघिल्लो वर्ष निर्णय भएकाहरुले यस वर्ष भुक्तानी पाउनेछन् । आवेदन दिइ मुआब्जा लिन निर्देशक देवकोटाको आग्रह छ । मुआब्जा वितरणका लागि आयोजनाले वडामा निवेदन सङ्कलन गरिरहेको गुलरिया-१ का वडाध्यक्ष जोगीराम थारुले जानकारी दिनुभयो। किसानहरुले जग्गा जमिनको मुआब्जा पाउने भएपछि वडामा आवेदन दिनेको भीड छ । मुआब्जा रकम अलि कम भएको किसानको गुनासो सुनाउँदै अध्यक्ष थारुले भन्नुभयो, "खेतबारीमै सिँचाइ आउने भएपछि किसान खुसी छन् ।"रासस

# व्यावसायिक चियाखेतीसँगै पर्यटन प्रवर्द्धनमा रञ्जित

भोजपुर । टेम्केमैयुङ गाउँपालिका-३ का ३५ वर्षीय रञ्जित गिरी चियाखेतीमा लागेको एक दशक नाघ्यो। बुबा शरमान गिरीले सुरु गर्नुभएको चियाखेतीलाई अगाडि बढाउनुभएका उहाँको दैनिकी चियाका बोटको हेरचार, स्याहार र प्रशोधनमै बित्छ।

असी रोपनी क्षेत्रफलमा फैलिएको चियाबगानलाई उहाँले यतिबेला पर्यटकीय गन्तव्य बनाउन सक्रिय हुनुहुभएको छ । "यहाँ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरेर चिया बगानभित्रै टेम्के फनपार्क तथा रिसोर्ट सञ्चालन सुरु गरेको छु", रञ्जित गिरीले भन्नुभयो, "रिसोर्ट निर्माणपछि पर्यटकहरु बिस्तारै बढ्न थालेका छन्।"



करिब एक वर्षअघिबाट सञ्चालनमा आएको रिसोर्टमा रु ९० लाख लगानी गर्नुभएको छ । चियाखेतीबाट आम्दानीसँगै बगानमा पर्यटक बढाउन पनि सकिने उहाँको विश्वास छ ।विसं २०७६ देखि गुरास चिया उद्योग सञ्चालन गरिरहनुभएको उहाँको यो उद्योग भोजपुरमा एक्लो हो । हालसम्म चियाका लागि करिब रु दुई करोड ५० लाख लगानी गर्नुभएका उहाँले आफूले उत्पादन गरेको चियाले नेपाल चिया तथा कफी विकास बोर्डबाट ट्रेडमार्कसमेत पाइसकेको उहाँले जानकारी दिनुभयो।

"अर्ग्यानिक चिया भएकाले देशका ठूला सहरसँगै विदेशसम्म जान थालेकाले चिया बजारीकरणमा कुनै समस्या छैन", उहाँले भन्नुभयो। गिरीले चियाले उचित मूल्य पाएमा वार्षिक रु २५ देखि ३० लाखसम्म आम्दानी गर्न सकिने उहाँले बताउनुभयो । उहाँले हाल अर्ग्यानिक हरियो चिया (ग्रिनटी) प्रतिकेजी रु एक हजार आठ सय, कालो चिया रु एक हजार दुई सय र सिल्भर चिया रु ३० हजारमा बिक्री गर्दै आउनुभएको छ। उहाँले चिया उद्योग सञ्चालनका लागि कोशी प्रदेश सरकारबाट प्रोत्साहनस्वरुप रु १७ लाख ५० हजार अनुदान पनि पाइसक्नुभएको छ।

"चियाखेतीबाट आम्दानी राम्रो छ, अब पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने योजना बनाएका छौँ", उहाँले भन्नुभयो, "चियाखेती हुने क्षेत्रफल बढाउने पनि योजना छ।" हाल उहाँको उद्योगमा पाँच जनाले रोजगारी पाइरहनुभएको छ ।बगानमा उत्पादन भएको चिया एक महिनामा चार पटकसम्म टिप्न सकिने गिरीले जानकारी दिनुभयो। उहाँले चियाको नर्सरीसमेत आफैं गर्दै आउनुभएको छ भने किसानलाई आवश्यक परामर्श पनि दिनुहुन्छ ।युवा व्यवसायी गिरीलाई प्रोत्साहन गर्नका लागि वडा कार्यालयका तर्फबाट सडक मर्मतका लागि रु तीन लाख उपलब्ध गराइएको वडाध्यक्ष पूर्णप्रसाद राईले बताउनुभयो ।रासस

# मधेश प्रदेश सम्मेलनको तयारीमा जुट्यो माओवादी

टुडे समाचारदाता




जनकपुरधाम । नेकपा माओवादी केन्द्रले भदौँमा मधेश प्रदेश सम्मेलनको तयारीमा जुटेको छ।

मधेश प्रदेश सम्मेलनका लागि माओवादीले कार्यविभाजनसँगै राजनीतिक गतिविधिलाई समेत अघि बढाएको जनाएको छ।

मधेश प्रदेशको पाँच वटा जिल्लाको कार्यक्रम सम्पन्न भइसकेको जनाउँदै बाँकी ३ जिल्लामध्ये धनुषामा शुक्रबार बैठक भएको छ। नेकपा माओवादी केन्द्र धनुषाको कार्यालयमा जिल्ला इन्चार्ज श्रवण यादव जीवनको अध्यक्षतामा भएको बैठकबाट १४ गते सोमबार बैठक बसेर विभिन्न एजेण्डामा छलफल गरिने कार्यालय सचिव श्रीनारायण झा प्रतिहस्तले जानकारी दिए।

सिरहा, धनुषा, र महोत्तरी जिल्ला पार्टीमा रहेको विवाद मिलाउँदै प्रदेश समितिको सम्मेलन गर्ने योजना रहेको अनुसार नै शुक्रबार धनुषाको जिल्ला पार्टी कार्यालयमा बैठक बसेर सोमबार कार्यक्रम गर्ने निर्णय भएको उनले बताए।

पालिका तथा वडाको सम्मेलन गरी समिति बनाउने र कार्यविभाजन गर्ने काम भइरहेकोसमेत उनले बताए। माओवादीले निर्वाचन तथा जिल्ला तहमा कार्यक्रम अगाडि बढाएको मधेश प्रदेशका सहइन्चार्ज विश्वनाथ साहले जानकारी दिए।

सिरहा, धनुषा र महोत्तरीमा माओवादी केन्द्रका मधेश प्रदेश समितिको सम्मेलन आगामी भदौँमा गर्ने निर्णय गरिएको नेकपा माओवादी केन्द्र धनुषाका निवर्तमान अध्यक्ष दीपक यादवले बताए । सोही अनुसार तल्लो तहदेखि कार्यक्रम भइरहेको उनले बताए।


पार्टीका कार्यक्रम गर्नुको साथै मधेश प्रदेशमा देखिएको विवाद समाधानका लागि पनि पहल भइरहेको जनाइएको छ। केही जिल्लामा पार्टीको आन्तरिक विवादका कारण त्यसलाई कसरी समाधान गर्ने भन्नेबारे पनि छलफल भइरहेको छ।

सहइन्चार्ज साहले हालसम्म विवाद जहाँको त्यहीँ रहेको र समाधानको प्रयास जारी रहेको बताए। विभिन्न समिति गठन गरी कार्यविभाजन गर्दै पार्टीलाई क्रियाशील गराए पछि सबै आ-आफ्नो काममा व्यस्त हुने र विवाद पनि स्वतः समाधान हुने उनको भनाइ छ।

जनताको विश्वास अझै माओवादीमाथि देखिएको बताउँदै केन्द्रीय सदस्य रामेश्वर राय यादवले पार्टीभित्रका विवाद व्यवस्थापन गरेर सांगठनिक कामलाई अगाडि बढाएमा मधेश प्रदेशमा माओवादीको सम्भावना बलियो रहेको बताए।

# कत'कत'हो मलहमपट्टी?

ब्लग :



श्यामसुन्दर शशि



जेठको प्रचण्ड गर्मीसंगै नेपाली राजनीतिको पारो पनि चढेको छ। सदन तातेको छ। सहकारी पीडित र नेपाली कांग्रेसले सडक तताएको छ। अर्थतन्त्र धाराशायी बनेको छ। व्यापारी पलायन हुँदैछन्। आम नागरिकमा उकुसमुकुसको माहोल छ। कतै संघीयता र धर्मनिरपेक्षता उल्टाउने कवायद हुदैछ त कतै विरोध जुलुस प्रदर्शन हुदैछ। यस कोलाहलको वातावातरणमा कोही शान्त छ भने त्यो हो - तीनै तहका सरकार। संघीय सदनमा बजेट अधिवेशन सुरु भएको तीन साता भयो। जेठ १ गते सम्मानित राष्ट्रपति ज्यूले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पनि प्रस्तुत गर्नुभयो तर नीति तथा कार्यक्रममाथि छलफल समेत सुरु हुन सकेको छैन्। चालु आर्थिक वर्षको १० महिनामा २३ अर्ब ९० करोडको धान, मकै र गहुँ आयात गर्नुपरेको छ। समग्रमा भनौ भने मुलुक मैथिली गीतकार सियाराम झा 'सरस'को गीत जस्तै बनेको छ- कत'कत'हो मलहमपट्टी, सगरो लहु लहुआन जिन्दगी।

मधेश आन्दोलनको बलिवेदीबाट निस्केको संघीयता अचेल चौतर्फी घेराबन्दीमा छ। संघीयतालाई कार्यान्वयन गर्ने कानुन अझै पनि निर्माण हुन सकेको छैन्। असलमा ठूला दलहरुका लागि संघीय अनवाण्टेड बेबी जस्तै हो। नभए संघीयता कार्यान्वयनमा आएको एक दशक बित्न थाले पनि शिक्षा, प्रहरी, निजामती कर्मचारी जस्ता अति आवश्यक कानुन बनी सकेको हुन्थे। राजनीतिदलहरुको सत्ता समीकरणले संघीयताको मर्ममाथिनै कुठाराघात गरेको छ। दुई वर्ष भित्र तीन-तीन पटक संघीय सरकारको सत्तासमीकरण फेरियो। यसको दुष्प्रभाव प्रदेशहरुमाथि पनि परे। पछिल्लो पटक संघीय सत्ता गठबन्धनमा भएको फेरबदलले मधेश प्रदेश सरकार अचेल बिखलबन्दमा परेको छ। मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारबाट एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिए यता उनी प्राबिधिक मुख्यमन्त्रीमात्र हुन पुगेका छन्। उनले सदनको विश्वास गुमाई सकेको अवस्था छ। सदन अनिर्णयको बन्दीबनेको छ। यथाशीघ्र बजेट अधिवेशन सुरु गर्नुपर्ने कार्यभार समयमा पूरा हुने संभावना अति न्यून छ।




तर निरासाको अन्ध्यारो वादलबीच चाँदीको घेरासरि गत साता एउटा शुभ समाचार पढ्ने मौका जुड्यो। महोत्तरी जिल्लाको सीमावर्ती मटिहानी नगर पालिका पूर्ण साक्षर घोषणा भयो। मटिहानीका नगर प्रमुख हरिप्रसाद मण्डलका अनुसार- पूर्ण साक्षर मात्र होइन, मटिहानी पूर्ण खोप र खुला दिसा मुक्त नगर पालिका पनि घोषित भइसकेको छ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रको तथ्यांक अनुसार मुलुकका ७७ जिल्ला मध्ये ६१ जिल्ला पूर्ण साक्षर घोषणा भइसकेका छन्। पूर्ण साक्षर हुन नसकेका १६ जिल्लामध्ये मधेश प्रदेशका ८ वटै जिल्ला छन्। विडम्बना त के पनि छ भने मधेश प्रदेशका १३६ पालिकामध्ये यस अघि एउटै पालिका वा वार्ड पूर्ण साक्षर घोषणा भएको थिएन्। जब कि कर्णालीका १० मध्ये ५ जिल्ला पूर्ण साक्षर घोषणा भइसकेको छ। मधेशका सिमान्तीकृत समुदायहरुको शिक्षा स्तर दुःखलाग्दो छ। मध्येका मुसहर जातिका ३.७, डुम जातिका ६.५ र चमार जातिका १२.७ प्रतिशत व्यक्तिमात्र साक्षर छन् जो पहाडी र हिमाली दलित भन्दा धेरै पछाडि छन्। राष्ट्रिय रुपमै विद्यालय ड्रप आउट (बीचमै विद्यालय छोड्ने) तथ्यांक डरलाग्दो छ। कक्षा १ मा नामांकण गराएका छात्र छात्रामध्ये ६० प्रतिशतबीचमै हराउँछन्। नेपालको संविधान २०७२ ले कक्षा ८ सम्म (आधारभूत शिक्षा)लाई अनिवार्य र १२ सम्मको (माध्यमिक शिक्षा)लाई निःशुल्क घोषणा गरेको छ। सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक, कक्षा ५ सम्म दिवा खाजा, गरिब, विपन्न लक्षितवर्ग छात्रवृत्ति, छात्राहरूलाई सेनेटरी प्याडका साथै मधेश प्रदेश सरकारले 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम मार्फत छोरी बीमा, साइकल वितरण आदि कार्यक्रमहरु पनि अघि सारेको छ। र पनि सरकारी तथ्यांक अनुसार २ लाख १३ हजार विद्यार्थी विद्यालय बाहिर छन्। यस्तो विषम अवस्थामा पनि मटिहानी नगर पालिकाको साक्षर प्रतिशत ९५ दशमलव १६ पुग्नु निःसन्देह खुशीको खवर हो।

# मेयरले राखेको बैठक जनप्रतिनिधिद्वारा बहिस्कार

टुडे समाचारदाता

मलंगवा। हरिवन नगरपालिकामा उपमेयर, वडाध्यक्ष एवं कार्यपालिका सदस्यहरुले कार्यपालिका बैठक वहिष्कार गरेका छन्।

शुक्रबार दिउँसो नगरपालिका कार्यालयको सभाहलमा राखिएको ३७ औं कार्यपालिका बैठक उपमेयर हरिमाया घलान सहित सम्पूर्ण वडाध्यक्ष एवं कार्यपालिका सदस्यहरुले वहिष्कार गरिएको वडा नं. ३ का वडाध्यक्ष दिपमान लोप्चनले जानकारी दिए। वडाध्यक्ष लोप्चनका अनुसार चालु आर्थिक वर्षका लागि ७० लाख रुपैंयामा खसी बजार ठेक्का लागे पनि ठेकेदारसँग सम्झौता नगरिएको र बैंक ग्यारेण्टी समेत नराखिएको विरोधमा बैठक वहिष्कार गरिएको छ।

३६ औं कार्यपालिका बैठकमै ठेकेदारसँग सम्झौता सम्पन्न गरी बैंक ग्यारेण्टी राख्न वा नगदै जम्मा गर्न लगाउनु पर्ने र सो नभए कार्यपालिका बैठकमा सहभागी नहुने जानकारी गराईए पनि कुनै कार्य नभएको पाइएपछि शुक्रबारको बैठक वहिष्कार गरिएको वडा नं. २ का वडाध्यक्ष अर्जुन योञ्जनले जानकारी दिए। ८ नम्बरका वडाध्यक्ष प्रज्वल ढुंगाना आर्थिक वर्ष सम्पन्न हुन डेढ महिना हाराहारी मात्र समय बाँकी हुँदा ठेकेदारबाट २४ लाख रुपैयाँ मात्र जम्मा भएको र सम्झौता सहित बैक ग्यारेण्टी नहुँदा बाँकी रकम डुब्ने जोखिम देखिएको बताउँछन्।

नगरपालिका प्रमुख रमेश बुढाथोकी (कमल) ले उपमेयर सहित वडाध्यक्षहरुले आयोजना गरिएको कार्यपालिका बैठक छाडेर बाहिरिएको जानकारी दिए। हरिवनमा प्रमुख बुढाथोकी एक्लै नेकपा माओवादी केन्द्रबाट निर्वाचित छन्। उपमेयर सहित सम्पूर्ण वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा एकीकृत समाजवादीबाट निर्वाचित छन्। उपमेयर, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरुसँगको विवादका कारण चालु आवको नगर परिषद् गत पुसमा मात्र सम्पन्न भएको थियो।

हरिवनमा मेयर बुढाथोकीले कसैको कुरा नसुनी मनमौजी पाराले एकलौटी ढंगबाट चल्न खोजेको आरोप उपमेयर सहित वडाध्यक्षहरुले लगाउने गरेका छन् भने मेयर बुढाथोकीले बहुमतको नाममा आफूलाई काम नै गर्न नदिने गरिएको दुःखेसो गर्दै आएका छन्।

# उत्खनन र अनुसन्धानको पर्खाइमा मुक्तेश्वर मन्दिर

टुडे समाचारदाता



मलंगवा । धार्मिक पर्यटनको प्रसस्त सम्भावना बोकेको सर्लाहीको बरहथवा नगरपालिकास्थितमुक्तेश्वरमहादेव मन्दिर उत्खनन र अनुसन्धानको पर्खाइमा छ । बरहथवा नगरपालिका-९, मुर्तियामा रहेको ऐतिहासिक मुक्तेश्वर मन्दिर प्रचारप्रसार अभावमा ओझेलमा परेको छ।

विभिन्न दस्तावेजमा उल्लेख भएअनुसार २६ सय वर्ष पहिला भक्तपुरको तलेजु भवानी मन्दिरसँगै गयासुद्धिन तुगलक भन्ने मुस्लिम शासकले यस मन्दिरलाई पनि भत्काइदिएका थिए। तलेजु भगवतीको मन्दिर भत्काएर फर्कने क्रममा बाटोमा रहेको यस मन्दिरसमेत ध्वस्त बनाई दिएको स्थानीय जानकारको भनाइ छ।

यस मन्दिर बजेट अभावमा संरक्षण हुन सकेको छैन। बजेट अभावमा पुनःनिर्माण हुन नसक्दा मन्दिर परिसरमा रहेका ऐतिहासिक संरचनासमेत जीर्ण अवस्थामा पुगेका वडाध्यक्ष तुलसीप्रसाद लुइँटेलले बताए।

पूर्व-पश्चिम राजमार्गबाट १० किलोमिटरको दूरीमा रहेको यस मन्दिरमा दैवी शक्ति रहेको स्थानीय विमला कार्कीको भनाइ छ। विशेष गरेर यस मन्दिरमा साउनको सोमबार र शिवरात्रिमा भक्तजनको बाक्लो घुइँचो लाग्ने गर्दछ। मन्दिर दर्शनका लागि भारतका विभिन्न स्थानबाट समेत भक्तजन आउने गर्दछन्।

बरहथवा नगरपालिका-९, स्थानीय ८२ वर्षीया चन्द्रनिधि तिवारीले तत्कालीन अवस्थामा यस क्षेत्र चीन र भारतको व्यापारीक केन्द्र सुवर्णग्राम सहरको रुपमा रहेको कौटिल्य शास्त्रमा उल्लेख रहेको बताए। गयासुद्धिनले मन्दिर र सहरमा आक्रमण गरेपछि यस क्षेत्र जङ्गलमा परिणत भएको उनको भनाइ छ। यस मन्दिर आसपासमा अझै पनि बुद्धकालीन इँटाहरु फेला पर्ने गरेको छ।

मन्दिर परिसरमार रहेका संरचनामध्ये मूल मन्दिरको पुरातत्व विभागले पुनःनिर्माण गरेको थियो। सोही क्रममा मन्दिरमा प्रयोग भएको कलात्मक ढुङ्गामा २६ सय वर्ष पुरानो बोलीचालीको भाषा ब्रह्म लिपि फेला परेको छ। विभागका तत्कालीन योजना प्रमुख रामबहादुर कुँवरको नेतृत्वमा भएको उत्खनन तथा पुनःनिर्माणका क्रममा ढुङ्गाको ब्लकमा ब्रह्म लिपि अर्थात पाली भाषा कुदिएको फेला परेको थियो।

"मन्दिर बनाउन प्रयोग गरेको ढुङ्गामा पाली भाषामा लेखिएको भेटियो", वडाध्यक्ष लुइँटेलले भने, "काम गर्ने मन्दिर बनाउने कर्मीले पक्कै त्यतिबेलाको बोलीचालीको भाषा नै ढुङ्गामा कुदेको हुनुपर्छ।" यस क्षेत्रमा चार फिट गहिरो खन्ने बित्तिकै ८/८, ११/११, १२/१२ आकारका बुद्धकालीन इँटा फेला पर्ने गरेको स्थानीय रामकुमार नेपालले बताए।

मन्दिरको तीन किलोमिटर दक्षिणमा लौकठ, हीरापुर लगायतको गाउँ रहेको थियो। उक्त गाउँमा बागमतीलगायत विभिन्न नदीको बाढी पसेपछि २०११ सालमा स्थानीय बासिन्दा यस मन्दिर नजिकै बसाई सरेका थिए। गाउँ बढ्दै जाँदा यस मन्दिरको संरचना फेला परेको स्थानीय ७४ वर्षका कृष्ण कडरियाले जानकारी दिए। उनका अनुसार २०२२ सालमा स्थानीयको पहलमा मन्दिर क्षेत्र सरसफाइ तथा यत्रतत्र रहेका मन्दिरका मूर्ति, गजूरलगायतका सामान जम्मा गरेर मन्दिर स्थापना गरिएको थियो।

मन्दिरको तीन सय मिटरदेखि तीन किलोमिटरको दूरीमा समकालीन चक्रेश्वर महादेव मन्दिर, गणेश मन्दिर, कटकुईया (काठको पानी खाने डुँड), पोखरी, गुलरिया ताल, किसनपुर पोखरी, ब्रह्मनाल गुफालगायतको संरचना अहिले पनि छन्। यी संरचना संरक्षणको अभावमा नष्ट हुने अवस्थामा पुगेका वडाध्यक्ष लुईटेलले बताए। मन्दिर परिसरमा रहेको १० फिट गहिरो ४२ फिट लामो टनेलसमेत संरक्षण हुन नसक्दा भत्किने अवस्थामा पुगेको छ।

बजेट अभावमा यस मन्दिर क्षेत्रको उत्खनन र पुनःनिर्माण पूरा हुन नसकेको बरहथवा नगरपालिकाले जनाएको छ। ठूलो धनराशि लाग्ने भएपछि मन्दिर क्षेत्रको पहिलो चरणको पुनः निर्माण गरेर अरु त्यसै छाडिएको छ। स्थानीय तहको पहलमा २०७२/७३ सालदेखि मन्दिरको मुख्य संरचनाको पुनःनिर्माण सुरु भएको थियो। दुई पटक गरेर पुरातत्व विभागले पहिलो पटक एक करोड र दोस्रो पटक पाँच करोड ३२ लाख लगानीमा मूल मन्दिरको पुनः निर्माण गरेको छ। विभागले सात वर्ष लगाएर मन्दिरको पुनःनिर्माण तथा उत्खनन गरेको थियो।

विभागले गरेको अनुसन्धानबाट लुम्बिनीको मायादेवी मन्दिरमा फेला परेकै भाषा र जमिनमुनिको इँटा यस मन्दिर परिसरमा पनि फेला परेको छ। यस अर्थमा पनि यो मन्दिरको संरचना पनि समकालीन रहेको दाबी गरिएको छ। यस मन्दिरको संरचना पुनःनिर्माण तथा यस क्षेत्रको उत्खननका लागि पुरातत्व विभागबाहेक कतैबाट बजेटको व्यवस्था नभएको नगरपालिकाका प्रमुख कल्पनाकुमारी कटुवालले बताइन्। बजेट नभएकै कारण धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको यस मन्दिरको प्रचारप्रसार तथा संरक्षण र पुनःनिर्माणका बाँकी काम अलपत्र परेको उनको भनाइ छ।

# दोहोरो पासपोर्ट राख्ने लामिछानेलाई किन गिरफ्तार नगर्ने ? : नेता चौधरी





टुडे समाचारदाता

वीरगञ्ज। कांग्रेस नेता तथा पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरीले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको गिरफ्तारी प्रेस स्वतन्त्रता माथिको ठूलो आक्रमण भएको बताएका छन्।

सरकारको आलोचना गरेको र गृहमन्त्री रवि लामिछानेविरुद्ध संलग्न रहेको सहकारी ठगी प्रकरणको समाचार लेखेको प्रतिशोधमा सिरोहियालाई गिरफ्तार गरिएको छर्लंग रहेको बताउँदै चौधरीले दोहोरो पासपोर्ट राख्ने लामिछानेलाई किन गिरफ्तार नगर्ने भनी प्रश्न गरे। कसैले उजुरी गर्दैमा जाँचबुझ र आफ्नो भनाई समेत राख्ने मौका नदिई एकै पटक गिरफ्तारीको बाटो अपनाउनु अधिनायकवाद भएको उनले बताए। 'यो प्रेस स्वतन्त्रता र लोकतन्त्र माथिको पनि आक्रमण हो,' चौधरीले भने, 'भ्रष्टाचार, कुशासन, संविधान र कानुनलाई मिचेर अनियमितता गर्नेविरुद्ध समाचार लेख्ने संस्थाविरुद्ध भएको गम्भीर आक्रमण हो।'

चौधरीले यस्तै स्थिति रहे मुलुकमा अर्को राजनीतिक विद्रोह हुन सक्ने औंल्याए। 'यो पन्चायतकालीन शैली भयो, त्यतिबेला यस्तै हुन्थ्यो,' उनले भने, 'पहिले थुन, अनि सुन शैली देखियो, जुन आजको युगमा उचित छैन।'

कांग्रेस केन्द्रीय सदस्य अजय चौरसियाले सिरोहियाको गिरफ्तारी अनुचित रहेको बताए। 'जुन शैलीमा मुलुकको अग्रणी संचार गृहका अध्यक्ष तथा प्रतिष्ठित संचार उद्यमीलाई गिरफ्तार गरियो त्यो बिल्कुलै गलत हो,' उनले भने, 'सुनुवाइको मौकासमेत नदिई, संचार गृहभित्रै सुरक्षाकर्मी बुट बजार्दै जानु तानाशाही शैली हो, यसले देशमा लोकतन्त्र नभई अधिनायकवाद रहेको संकेत गर्छ।'

चौरसियाले तत्कालीन राजा ज्ञानेन्द्र शाहले संचारजगतलाई दमन गर्न अपनाएको शैली गृहमन्त्री लामिछानेले अपनाएकाले उनमा ज्ञानेन्द्र जत्तिकै अहम आइसकेको आरोप लगाए। 'कुनै व्यक्तिको लहड र निजी अहमले सरकार चल्छ भने त्यो मुलुकमा गम्भीर संकट आउन सक्ने संकेत हो,' उनले भने, 'सत्ता गठबन्धन र रास्वपाका अन्य पदाधिकारीले लामिछानेबारे समयमै उचित निर्णय नलिए सरकार र उनको पार्टी पनि संकटमा पर्न सक्छ।'

# लोसपाद्वारा सदस्यता अभियान आरम्भ

टुडे समाचारदाता

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले सदस्यता वितरण अभियान चलाएको छ। जनकपुरधाममा शुक्रबार लोसपा नेपालको आयोजनामा भएको सदस्यता वितरण अभियान सुरु गरिएको लोसपा नेपालले जनाएको छ।

सो अभियानको शुभारम्भ लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले गरेका छन्। धनुषा जिल्लामा नव प्रवेशीलाई सदस्यता वितरण गर्दै अध्यक्ष ठाकुरले अभियान आरम्भ गरे।

लोसपा नेपालले महाधिवेशनलाई लक्षित गर्दै सदस्यता अभियान सुरु गरेको छ। २०८२ मा महाधिवेशन गर्ने गरी तयारी सुरु गरिएको महासचिव डा. सुरेन्द्र कुमार झाले बताए। पहिलो चरणमा मधेश प्रदेशमा सो अभियान सञ्चालन हुने र त्यसपछि अन्य जिल्लामा पनि क्रमशः सदस्यता अभियान चलाइने महासचिव झाले बताए।

शुक्रबारदेखि सुरु भएको सो अभियान कार्यक्रममा लोसपा नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारी, वरिष्ठ उपाध्यक्षसमेत रहेका मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनल, वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, महासचिव डा. झालगायतका नेताहरूसमेतको सहभागिता रहेको थियो।


## डढेलोबाट बचौं र बचाऔं।

**सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्**

**त्यसैले,**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसंग आगो निभाऔं,
- जंगल र वस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८